# लेखापरीक्षण प्रतिवेदन

# रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक

## आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/712

श्रीमान् अध्यक्षज्यू,
रोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
काभ्रेपलाञ्चोक।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/712

श्रीमान् अध्यक्षज्यू,
रोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
काभ्रेपलाञ्चोक।

विषयः लेखापरीक्षण प्रतिवेदन।

**१. कैफियत सहितको रायः**

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीतर्फको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब ७६ करोड ५६ लाख ८९ हजारको लेखापरीक्षणबाट रु. १ करोड ३६ लाख ४२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. २६ लाख ३० हजार सम्परीक्षण भई नियमित गर्नुपर्ने रु. १ करोड १० लाख १२ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. १७ करोड २१ लाख ५ हजार मध्ये रु. ३ करोड ४९ लाख ९६ हजार सम्परीक्षण तथा यस बर्षको लेखापरीक्षणबाट रु. १ करोड १० लाख १२ हजार थप भई हालसम्म अद्यावधिक बेरुजु रु. १४ करोड ८१ लाख २१ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोराः**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५८ | ४१ | १,३६,४१,५०२ | ० | ३४ | २६,२९,९७६ | ० | ५८ | ७ | १,१०,११,५२६ | ० | १,१०,११,५२६ | ० | ० | ० | १,१०,११,५२६ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रेपलाञ्चोक | १७,२१,०५,२४८ | ० | ३,४९,९५,७७० | १३,७१,०९,४७८ | ० | १,१०,११,५२६ | १४,८१,२१,००४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ४७ | स्थलगत निरिक्षणः | १,१५,०३६ |
| २ | २०८१/८२ | ५६.३ | सामाजिक सुरक्षाः | १,५८,९३८ |
| ३ | २०८१/८२ | ६० | समपुरक अनुदानबाट बढी खर्चः | ६,२४,२९७ |
| ४ | २०८१/८२ | २५ | विल भरपाई पेश नभएकोः | १,३०,००० |
| ५ | २०८१/८२ | ४६ | मूल्य समायोजनः | १०,८१,४४९ |
| ६ | २०८१/८२ | ४३ | बिटुमिनमा बढी भुक्तानीः | ४,०५,८८७ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८१/८२ | ५९ | बढी परिमाणको भुक्तानीः | ८४,११६ |
| ८ | २०८१/८२ | ३१ | बढी तलव निकासाः | ५,७२७ |
| ९ | २०८१/८२ | ३० | बढी ग्रेड भुक्तानीः | ११,४५७ |
| १० | २०८१/८२ | ३३ | निशुल्क पाठ्यपुस्तकः | १३,०६९ |
| ११ | २०८०/८१ | ७७ | सामि अन्तरकृया कार्यक्रम | ७७,५०० |
| १२ | २०८०/८१ | ८० | लागत अनुमान र मेसिनबाट भएको कार्यको दरः | ४२,०९,८८५ |
| १३ | २०८०/८१ | ७४ | प्रोत्साहन भत्ताः | १७,२६,७४४ |
| १४ | २०८०/८१ | ३९ | पेश्की बाँकी | २४,७२,८०० |
| १५ | २०८०/८१ | ६६ | परामर्श सेवाः | ३,८०,४४२ |
| १६ | २०८०/८१ | ४६.२ | निजि शिक्षकको तलब | १,५४,४१,१२० |
| १७ | २०८०/८१ | ५८ | गरिवी निवारणका लागि लघु उद्यम | ८०,०९० |
| १८ | २०८०/८१ | ६१ | करार कर्मचारीलाई महंगी भत्ताः | १५,८४० |
| १९ | २०८०/८१ | ८२ | उपभोक्ता समितिबाट सरकारी कार्य | १,०२,०८,७२५ |
| २० | २०८०/८१ | ८६.१ | आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोरा | ४,२५० |
| २१ | २०८०/८१ | ८४ | अन्य संस्थाको दायित्व भुक्तानी | १,९२,४२४ |
| २२ | २०८०/८१ | ५६ | अनुगमन भत्ता | १,८५,९५० |
| जम्मा | | | | ३,७६,२५,७४६ |

# रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक

# ( ८०३२६५०७३०० )

# रोशी गाउँपालिका , काभ्रेपलाञ्चोक

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत १२ वडा, ६४ सभा सदस्य, १७६ वर्ग किलोमिटर क्षेत्रफल तथा महिला १२,३०४ र पुरुष ११,४८६ गरी जम्मा २३,५२० जनसंख्या (राष्ट्रिय जनगणना २०७८ अनुसार) रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।११।०४ देखि २०८२।११।०७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** गाउँपालिकाको आय – व्ययतर्फ रु.१ अर्व ७६ करोड ५६ लाख ८९ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ **एकीकृत आय-व्यय**

गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को एकीकृत आयव्यय देहायअनुसार रहेको छ ।

| आयतर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम (रु.) | सि.नं | विवरण | रकम (रु.) |
| १ | **गत वर्षको जिम्मेवारी** | ६,५६,२०,७१२.८३ | १ | **चालु खर्च** | ४३,७३,६१,९०८.२० |
| | संचितकोषबाट | ४,६२,७७,८७६.८५ | | रोशी गाउँ कार्यपालिका | १०,६७,०९,१८२.७९ |
| | धरौटीबाट | १,४४,७३,८६८.०० | | रोशी गाउँ कार्यपालिका- शिक्षा | २,३८,०३,४७४.०० |
| | प्रकोप कोषबाट | १,३५,९८०.०० | | रोशी गाउँ कार्यपालिका- स्वास्थ्य | १,१९,५४,३८४.०० |
| | विविध कोष खाता | ३,९३,८४४.०० | | रोशी गाउँ कार्यपालिका- कृषी | १८,४०,६५३.०० |
| | विविध खर्च खाता | ४३,३९,१४३.९८ | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | २७,५५,६३,८८२.४१ |
| २ | **राजस्व ( आन्तरिक आय)** | **१५,६४,३६,००७.४२** | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | १,७४,९०,३३२.०० |
| | क) आन्तरिक राजस्व | १,३५,५०,७२१.४५ | २ | **पुँजिगत खर्च** | **१४,४२,६२,९४५.१९** |
| | ख) राजस्व बाँडफाँट संघ | ९,५०,७७,६६५.१९ | | रोशी गाउँ कार्यपालिका: पूजिगत | १०,०१,४८,९१८.२४ |
| | ग) राजस्व बाँडफाँट प्रदेश | २,८४,७५,३५८.४२ | | रोशी गाउँ कार्यपालिका- कृषी | ३,००,०००.०० |
| | घ) राजस्व बाँडफाँट स्थानीय | १,७०,०१,६००.०० | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | १,१९,३७,७१०.०० |
| | ङ) घरजग्गा रजिष्टेशन दस्तुर | २३,३०,६६२.३६ | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ३,१८,७६,३१६.९५ |
| ३ | **वित्तीय हस्तान्तरण संघ** | **४१,५४,७४,८००.००** | ३ | **अन्य कोषहरुको खर्च** | **८,२७,४९,७१२.००** |
| | समानिकरण अनुदान | ९,४५,१२,८००.०० | | धरौटी | ३९,८८,४०८.०० |
| | ससर्त अनुदान चालु | ३०,९९,६२,०००.०० | | प्रकोप व्यवस्थापन कोष | ६,९४,८८,५०९.०० |
| | ससर्त अनुदान पुँजिगत | १०,००,०००.०० | | विविध खर्च खताबाट खर्च | ९२,७२,७९५.०० |
| | समपूरक अनुदान | १,००,००,०००.०० | ४ | **विषयगत निकायको खर्च** | **१६,६३,१५,०५३.००** |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **६,०९,६३,०००.००** | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९,७०,०००.०० |
| | समानिकरण अनुदान | ९८,९३,०००.०० | | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १,२४,००,०००.०० |
| | ससर्त अनुदान चालु | २,१९,१८,०००.०० | | सामाजिक सुरक्षा तथा संरक्षण | १५,२९,४५,०५३.०० |
| | ससर्त अनुदान पुँजिगत | ९१,६०,०००.०० | ५ | **फिर्ता** | **५,४०,७६,००१.६४** |
| | समपूरक अनुदान | २,००,००,०००.०० | | संघ चालु तर्फ | ३,४३,९८,११७.५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | **विषयगत निकायबाट प्राप्त** | **१६,६३,१५,०५३.००** | | संघ पुँजिगत तर्फ | ४७,१४,३५१.०० |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९,७०,०००.०० | | प्रदेश चालु तर्फ | ४४,१९,६६८.०० |
| | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १,२४,००,०००.०० | | प्रदेश पुँजिगत तर्फ | १,०५,४३,८६५.०५ |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १५,२९,४५,०५३.०० | ६ | **मौज्दात** | **६,१८,७८,४७९.४५** |
| ६ | **धरौटी प्राप्त** | **३२,२५,५२३.००** | | संचित कोष खाता | ४,३४,५०,८२९.२४ |
| ७ | **अन्य** | ७,८६,०९,००३.२३ | | प्रकोप व्यवस्थापन कोष | ८,२८,९५७.४० |
| | क) प्रकोप कोषमा प्राप्त | ७,०१,८१,४८६.४० | | विविध खर्च खाता | ३८,८७,७०९.८१ |
| | ख) विविध खर्च खाता | ८४,२७,५१६.८३ | | धरौटी | १,३७,१०,९८३.०० |
| | **जम्मा** | **९४,६६,४४,०९९.४८** | | **जम्मा** | **९४,६६,४४,०९९.४८** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) अनुसूचीमा संलग्न छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **वित्तीय विवरणको यथार्थता** -

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं२७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १५,२९,४५,०५३, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु. १,२४,००,००० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ९,७०,००० समेत गरी रु. १६,६३,१५,०५३ सुत्रमा लेखाङ्कन छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

५ **बैङ्क हिसाब विवरण-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैंक हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैंक विवरण अनुसार वर्षान्तमा स्रेस्ता र बैंक मौज्दात देहायअनुसार छ:

| टिप्पणी ६.३श्रेस्ता तथा बैक मौज्दातको विवरण | | | |
|---|---|---|---|
| सि.नं. | खाताकोप्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
| सिद्धार्थ बैंक लि. | ग१.१, आन्तरिक राजस्व खाता | ० | ० |
| सिद्धार्थ बैंक लि. | ग१.२, बाँडफाँटबाट प्राप्त राजस्व खाता | ० | ० |
| सिद्धार्थ बैंक लि. | ग१.३, आन्तरिक अनुदान खाता | ० | ० |
| सिद्धार्थ बैंक लि. | ग२.२, चालू खर्चखाता- जोरवर्ष | ० | ० |
| सिद्धार्थ बैंक लि. | ग२.४, पुँजीगत खर्चखाता- जोरवर्ष | ० | ० |
| सिद्धार्थ बैंक लि. | ग२.७, विविध खर्च खाता | ३८,८७,७०९.८१ | ३८,८७,७०९.८१ |
| सिद्धार्थ बैंक लि. | ग३.१, स्थानीय तह धरौटीखाता | १,३७,१०,९८३.०० | १,३७,१०,९८३.०० |
| सिद्धार्थ बैंक लि. | ग४.१, स्थानीय तह सञ्चितकोष खाता | ४,३४,५०,८२९.२४ | ४,३४,५०,८२९.२४ |
| सिद्धार्थ बैंक लि. | ग५.१, स्थानीय तह विविधकोष खाता | ० | ० |
| सिद्धार्थ बैंक लि. | ग६.१, स्थानीय तह विभाज्यकोष खाता | ० | ० |
| सिद्धार्थ बैंक लि. | ग७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोषखाता | ८,२८,९५७.४० | ८,२८,९५७.४० |
| जम्मा | | ६,१८,७८,४७९.४५ | ६,१८,७८,४७९.४५ |

६ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही बेहोराहरु देहायबमोजिम रहेका छन:

- एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसूची- ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन ,
- महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न

परिपत्र गरेको छ । पालिकाले वडा कार्यालयका लागि छुट्याएको कार्यालय संचालन खर्चबाट खरिद भएको सामानको पाम्समा दाखिला भएको देखिएन ।

- यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,
- भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता र नियम १८ बमोजिम भ्रमण प्रतिवेदन नराखेको,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको,
- कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खर्च खाता राखेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना नभएको ,
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,
- वागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८ वमोजिम अनुसूची ५ को ढाँचामा कर्मचारीको कार्यविवरण तयार गरी लागु नगरेको,
- वडामा सिफारिस दस्तुर लिदा सिफारिस दस्तुरको चलानी रजिष्टर समेत भिडाई राजश्व दाखिला रकम एकिन गर्नुपर्नेमा चलानी रजिष्टर पेश नभएको,
- प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९ बमोजिम ढुङ्गा,चुनढुङ्गा, खरिढुङ्गा गिट्टि , ग्राभेल, रोडा , बालवा (स्वीकृत खानी क्षेत्र बाहेक) को प्रतिघनफिट रु.७ का दरले शुल्क पालिकाको आर्थिक ऐनमा समेत व्यवस्था गरी असुल गर्नुपर्नेमा उपभोक्ता समितिबाट निर्माण काममा प्रयोग भएको उक्त सामग्रीको मुल्याङकन भएको परिमाण बराबरको रकम असुल गरेको देखिएन।
  अतः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख व्यवस्थापन तथा स्रोत नक्साङ्कन गर्नुपर्ने व्यवस्था छ। साथै शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत (खानी, वन लगायत), तथा पूर्वाधार (सडक, पुल, खानेपानी आदि) सम्बन्धी अभिलेखसहित पालिकाको समग्र प्रोफाइल तयार गर्नुपर्ने प्रावधान रहेको छ। तर पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा गरेको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहको योजना प्राथमिकीकरण तथा प्रभावकारी कार्यान्वयनमा तथ्याङ्कको महत्वपूर्ण भूमिका हुने भएकाले यस्ता तथ्याङ्क सङ्कलन, अभिलेख व्यवस्थापन तथा स्रोत नक्साङ्कनको कार्य प्राथमिकताका साथ सम्पन्न गर्नुपर्ने देखिन्छ।

८ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम आन्तरिक आय, राजस्व बाँडफाँड, अनुदान, ऋण तथा अन्य आयको प्रक्षेपण गरी बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आय प्रक्षेपण, साधनको सन्तुलित वितरण, बजेटको कूल सीमा तथा क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण लगायतका कार्यहरू फागुन महिनाभित्र सम्पन्न गर्नुपर्ने तथा बजेट वर्षपछिका थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने कानुनी व्यवस्था छ। साथै प्रमुख प्रशासकीय अधिकृतले आगामी आर्थिक वर्षको बजेट सीमा चैत १५ गतेभित्र विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने प्रावधान रहेको छ। पालिकाले समिति गठन गरेको भएतापनि बजेट सीमा निर्धारणसम्बन्धी कार्य समयमै सम्पन्न गरी सम्बन्धित शाखा तथा वडालाई उपलब्ध गराएको देखिएन। ऐनबमोजिम बजेट प्रक्षेपण तथा सीमा निर्धारण कार्य समयसीमाभित्र सम्पन्न गर्न सम्बन्धित पदाधिकारीको ध्यानाकर्षण हुन आवश्यक देखिन्छ।

९ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण तथा विषय क्षेत्रगत योजना तर्जुमा गर्नुपर्ने तथा योजना तथा कार्यक्रममा दोहोरोपन नहुने गरी आपसी तादाम्यता र परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ।

पालिकाले समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको स्पष्ट प्राथमिकीकरण, कार्यक्रमबीचको परिपूरकता तथा समन्वय सुनिश्चित गरेको देखिएन। अतः बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पूर्ण परिपालनामा ध्यान दिनुपर्ने देखिन्छ।

१० **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व तथा व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभासमक्ष पेश गर्नुपर्ने तथा पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ। गाउँपालिका उपाध्यक्ष श्री मिम बहादुर वाईबाले मिति २०८१।०३।१० गते रु. ६९ करोड २० लाख ९८ हजारको बजेट सभासमक्ष पेश गरेकोमा सोही मितिमा पारित भएको देखिन्छ। साथै स्थानीय तहका प्रमुखले मिति २०८१।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

११ **सेवा प्रवाहः**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम तोकिएका सेवाहरू पालिकावासीलाई प्रदान गर्दै आएको छ। आफ्नो कार्यक्षेत्रभित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाइँसराइ दर्ता, विद्युत मिटर सिफारिस, निःशुल्कको लागी सिफारिस लगायतका विभिन्न सेवाहरूको विवरण अद्यावधिक गरी व्यवस्थित अभिलेखीकरण गर्नुपर्ने हुन्छ। पालिकाबाट प्रवाहित सेवाहरूको विवरण निम्नानुसार रहेको छ:

| विवरण | जम्मा |
|---|---|
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ८०३ |
| मृत्युदर्ता | २८७ |
| बसाईसराई दर्ता | ४३ |
| विवाह दर्ता | ३८३ |
| सम्बन्ध विच्छेद दर्ता | ५९ |

पालिकाबाट सेवा लिन आएको अवस्थामा मात्र नभई जनचेतना अभिवृद्धि तथा प्रचारप्रसारमार्फत पञ्जीकरणतर्फका घटनाहरू (जन्म, मृत्यु, विवाह आदि) घटना पश्चात अनिवार्य रूपमा दर्ता गराउन नागरिकलाई सचेत तथा प्रेरित गर्नुपर्ने देखिन्छ।

१२ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयार गरी समिक्षा गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति निम्नानुसार रहेको छ:

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १४४२६२९४५ | २५७४३९७६ | २२७३४७५९ | ५८०८३०९० | ३७७०११२० | २४५१००९५ |
| प्रतिशत | | १७.८५ | १५.७६ | ४०.२६ | २६.१३ | १६.९९ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु. १४,४२,६२,९४५.२० खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. २,५७,४३,९७५.८१ (१७.८५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २,२७,३४,७५८.९५ (१५.७६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ५,८०,८३,०९०.४३ (४०.२६ प्रतिशत) तथा चौथो त्रैमासिकमा रु. ३,७७,०१,१२०.०० (२६.१३ प्रतिशत) खर्च भएको देखिन्छ। साथै आषाढ महिनामा मात्र रु. २,४५,१०,०९५.०० (१६.९९ प्रतिशत) खर्च भएको देखिन्छ। उपरोक्त अवस्थाले आर्थिक वर्षको उत्तरार्ध तथा विशेषगरी आषाढ महिनामा खर्चको चाप बढी रहेको देखाउँछ, जसबाट त्रैमासिक रूपमा सन्तुलित खर्च व्यवस्थापन भएको देखिँदैन। स्वीकृत कार्यक्रम अनुसार चरणबद्ध र योजनाबद्ध रूपमा कार्यान्वयन गरी वर्षभरि समानुपातिक खर्च गर्ने व्यवस्था अपनाउनु आवश्यक देखिन्छ। वर्षान्तमा हतारमा कार्य सम्पन्न गर्दा कामको गुणस्तरमा असर पर्ने सम्भावना रहने भएकाले नियमावलीको मर्मअनुसार आषाढ केन्द्रित खर्च प्रवृत्तिमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

१३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक तथा दिगो विकास सुनिश्चित गर्न क्षेत्रगत रूपमा सन्तुलित बजेट विनियोजन तथा प्रभावकारी खर्च आवश्यक हुन्छ। यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को क्षेत्रगत बजेट र खर्चको अवस्था देहायअनुसार रहेको देखिन्छ:

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत | कुल खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २५६४२५०० | २२३५४११८ | ८७.१८ | ३ |
| २ | सामाजिक विकास | ३६६५९१७१६ | ३२,०२,५९,४४२ | ८७.३६ | ५५ |
| ३ | पूर्वाधार विकास | १३५६७६४१४ | ९,९४,७०,९४९ | ७३.३१ | १७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धि क्षेत्र | ५२६१७०८४ | ५,००,०७,५४१ | ९५.०४ | ८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११५२७१२८६ | ८,९५,३२,८०३ | ७७.६७ | १७ |
| | जम्मा | ६९५७९९००० | ५८,१६,२४,८५३ | ८३.५९ | १०० |

उपरोक्त विवरण अनुसार कुल रु. ६९,५७,९९,००० विनियोजनमध्ये रु. ५८,१६,२४,८५३.३९ (८३.५९ प्रतिशत) खर्च भएको देखिन्छ। क्षेत्रगत रूपमा सामाजिक विकास क्षेत्रमा ५५ प्रतिशत खर्च भएको छ भने आर्थिक विकास क्षेत्रमा ३ प्रतिशत मात्र व्यय भएको छ। पूर्वाधार तथा प्रशासनिक क्षेत्रमा क्रमशः १७–१७ प्रतिशत र सुशासन क्षेत्रमा ८ प्रतिशत खर्च भएको देखिन्छ। सामाजिक क्षेत्रको प्राथमिकता उपयुक्त भए तापनि उत्पादनशील तथा आयसृजनामूलक आर्थिक विकास क्षेत्रमा न्यून खर्च देखिनुले दीर्घकालीन राजस्व

आधार विस्तारमा प्रभावपर्न सक्ने देखिन्छ। अतः राष्ट्रिय नीति, स्थानीय आवश्यकता तथा दीगो विकासका लक्ष्यअनुसार क्षेत्रगत सन्तुलन कायम गरी बजेट विनियोजन तथा खर्च व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

१४ **वार्षिक खरिद योजना/गुरुयोजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत यस वर्ष रु. १४,४२,६२,९४५.१९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१५ **योजना प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। साथै स्थानीय तह योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची–३ मा आयोजना प्राथमिकीकरणका आधारहरूका रूपमा गरिबी निवारण, उत्पादनमूलकता, रोजगारी सृजना, लागत सहभागिता, स्थानीय स्रोत र साधनको उपयोग, समावेशी विकास, दिगोपना तथा वातावरण संरक्षण र भाषिक तथा सांस्कृतिक विकासलाई उल्लेख गरिएको छ। उक्त आधारहरूका अनुसार अंक निर्धारण गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्ष २०८१/८२ मा १२ वटै वडाका लागि वडास्तरीय तथा पालिकास्तरीय गरी कुल १५० योजनामा बजेट विनियोजन गरेको छ। विनियोजन भएका योजनामध्ये रु. ६ लाख ४८ हजार बराबरका विभिन्न ४ वटा योजना बजेट अभावका कारण कार्यान्वयन हुन नसकेको पालिकाले जनाएको छ।

| क्र.स | कार्यक्रमको नाम | योजना संख्या | रु.५लाख भन्दा कम योजना संख्या | रु.५ लाख देखि २० लाखसम्मका योजना संख्या | रु.२० लाख भन्दा माथिका योजना संख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ६८ | ४३ | २४ | १ |
| २. | वडास्तरीय | ८२ | ५६ | २६ | ० |
| | जम्मा | १५० | ९९ | ५० | १ |

उपरोक्त विवरण अनुसार पालिकाले साना तथा वितरणमुखी योजनाहरूमा बढी बजेट विनियोजन गरेको देखिन्छ। यसबाट सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त हुने सम्भावना न्यून रहने, चालु प्रकृतिका खर्चमा वृद्धि हुने तथा लागत प्रभावकारितामा कमी आउने जोखिम देखिन्छ। साथै निर्माण कार्यको गुणस्तरमा समेत असर पर्न सक्ने अवस्था रहन्छ। अतः योजना वस्तुनिष्ठ आधारमा प्राथमिकीकरण गरी दीर्घकालीन प्रतिफल दिने तथा प्रभावकारी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

१६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार तथा स्थानीय आवश्यकतालाई ध्यानमा राखी कर्मचारी समायोजन पश्चात संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षणका आधारमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित १६८ दरबन्दी रहेकोमा १५१ पदपूर्ति भई १६ पद रिक्त रहेको देखिन्छ। दरबन्दीअनुसार जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा प्रभाव पर्ने अवस्था देखिन्छ।

| सिनं | दरवन्दी विवरण | संघिय मामिलाबाट स्वीकृत | स्वास्थ्य मन्त्रालयबाट स्विकृत | जिविस/ गाविस | पालिकाबाट स्वीकृत | कार्यक्रम | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | दरबन्दी | ५३ | ५० | ४ | ३७ | २४ | १६८ |
| २ | पदपूर्ती | ४२ | ४४ | ४ | ३७ | २४ | १५१ |
| ३ | रिक्त | १० | ६ | ० | ० | ० | १६ |
| ४ | पदपुर्ती मध्ये करार | ७ | १६ | ४ | ३७ | २४ | ८८ |

पालिकाले O&M सर्वेक्षण गरी गाउँसभाबाट दरबन्दी स्वीकृत गराएको भएतापनि प्रदेश निजामती किताबखानामा पद दर्ता भएको देखिएन। पददर्ता नभएको अवस्थामा करारमा कर्मचारी नियुक्त गरी खर्च लेख्ने प्रवृत्ति देखिएकोले दरबन्दी स्वीकृत गराई प्रदेश निजामती किताबखानामा पद दर्ता गरी प्रदेश लोकसेवा आयोगमार्फत स्थायी पदपूर्ति गर्नुपर्ने देखिन्छ।

१७ **रकामान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ बमोजिम सभाबाट स्वीकृत सीमा र शीर्षकभित्र रही विशेष कारण तथा अपरिहार्य अवस्थामा मात्र रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ। तर यस पालिकाले रकमान्तर गर्नुपर्ने विशेष कारण तथा अपरिहार्यता स्पष्ट नगरी १६० योजनाबाट रु. ८,९६,०६,७४३.०० घटाई ९२ योजनामा रु. ९,३८,०६,७४३.०० बढाई रकमान्तर गरेकोमा रु.४२००००० को स्रोत मिलान भएकोले बजेट थप भएको देखिन्छ ।गाउँपालिकाको प्रारम्भिक बजेट रु. ६९,२०,९८,००० रहेकोमा विशेष गाउँसभाबाट घटाई रु. ६५,७७,९८,००० कायम गरिएको छ। रकमान्तर गरिएका योजनामध्ये अधिकांश चालु प्रकृतिका खर्चमा वृद्धि गरिएको तथा आर्थिक वर्षको उत्तरार्धमा खर्च केन्द्रित भएको देखिन्छ। यसरी पर्याप्त आधार, विश्लेषण र प्राथमिकता स्पष्ट नगरी ठूलो परिमाणमा रकमान्तर गर्ने प्रवृत्तिले योजना कार्यान्वयनको प्रभावकारिता, गुणस्तर तथा वित्तीय अनुशासनमा प्रतिकूल असर पर्ने जोखिम देखिन्छ। अतः रकमान्तर गर्दा स्पष्ट कारण, आवश्यकता र अपेक्षित परिणाम उल्लेख गरी सीमित तथा विवेकपूर्ण रूपमा गर्नुपर्ने तथा प्रारम्भमै यथार्थपरक योजना छनौट र बजेट विनियोजन गरी वित्तीय अनुशासन कायम गर्नुपर्ने देखिन्छ। रकमान्तर भएका योजनामध्ये केहि उदाहरण देहायअनुसार रहेका छन् ।

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम | बजेटको स्रोत/ तह | रकम |
|---|---|---|---|---|
| १ | ८०३२६५०७२०८ | तिरुपति दुङखोर तथा देवाच्यान थारपेलिङ गुम्बाको प्राङ्गणमा ढुंगा बिछ्याउने योजना | नेपाल सरकार | ४,००,०००.०० |
| २ | ८०३२६५०७२०८ | भुमेस्थान प्रा.वि. शिक्षक अनुदान | राजस्व बाँडफाँट — स्थानीय | १,८०,०००.०० |
| ३ | ८०३२६५०७२१० | डाँढटोल तल्लो लेखटोल सडक स्तरोन्नती | नेपाल सरकार | १,००,०००.०० |
| ४ | ८०३२६५०७१०१ | विभिन्न आयोजनाहरु (गत आ.व को भुक्तानी बाँकी) | राजस्व बाँडफाँट — स्थानीय | ५,००,०००.०० |
| ५ | ८०३२६५०७१०१ | विभिन्न आयोजनाहरु (गत आ.व को भुक्तानी बाँकी) | राजस्व बाँडफाँट - प्रदेश सरकार | १०,००,०००.०० |
| ६ | ८०३२६५०७१०१ | विभिन्न आयोजनाहरु (गत आ.व को भुक्तानी बाँकी) | राजस्व बाँडफाँट - संघीय सरकार | ७,००,०००.०० |
| ७ | ८०३२६५०७२०९ | मंगलटार पुरानोगाउँ च्यानडाँडा सत्तल निर्माण | नेपाल सरकार | ३,००,०००.०० |
| ८ | ८०३२६५०७१०१ | योजना अध्यावधिक समिक्षा कार्यक्रम | राजस्व बाँडफाँट — स्थानीय | ४,००,०००.०० |
| ९ | ८०३२६५०७२०५ | तल्लोछाप खानेपानी मर्मत | नेपाल सरकार | १,८०,५५४.०० |
| १० | ८०३२६५०७२०९ | मंगलटार बजार सत्तल मर्मत | नेपाल सरकार | १,५०,०००.०० |
| १६० योजनाको जम्मा | | | | ८,९६,०६,७४३.०० |

**बढाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम | बजेटको स्रोत/ तह | रकम |
|---|---|---|---|---|
| १ | ८०३२६५०७२०८ | भुमेस्थान प्रा.वि. शिक्षक अनुदान | आन्तरिक श्रोत | १,८०,०००.०० |
| २ | ८०३२६५०७२१२ | गणेश मा.वि. शिक्षक अनुदान | आन्तरिक श्रोत | ३,००,०००.०० |
| ३ | ८०३२६५०७१०१ | मेलमिलापकर्ता झोला वितरण कार्यक्रम | राजस्व बाँडफाँट - प्रदेश सरकार | २,००,०००.०० |
| ४ | ८०३२६५०७१०१ | सूचना प्रविधि जडान | राजस्व बाँडफाँट - प्रदेश सरकार | ५,००,०००.०० |
| ५ | ८०३२६५०७१०१ | सूचना प्रविधि जडान | राजस्व बाँडफाँट - संघीय सरकार | ५,००,०००.०० |
| ६ | ८०३२६५०७२०७ | पँधेरो हुँदै पर्सिल टोल गौतम बुद्ध आधारभूत विद्यालय जाने सडक वाल निर्माण | नेपाल सरकार | २,७५,०००.०० |
| ७ | ८०३२६५०७१०१ | अनुगमन, मूल्यांकन खर्च | राजस्व बाँडफाँट - संघीय सरकार | ४,००,०००.०० |
| ८ | ८०३२६५०७१०१ | आर्थिक सहायता | राजस्व बाँडफाँट - प्रदेश सरकार | ३,००,०००.०० |
| ९ | ८०३२६५०७१०१ | सभा सञ्चालन खर्च | राजस्व बाँडफाँट - संघीय सरकार | ४,००,०००.०० |
| १० | ८०३२६५०७१०१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन | राजस्व बाँडफाँट - | ३,००,०००.०० |

| | | खर्च | संघीय सरकार | |
|---|---|---|---|---|
| ९२ योजनाको जम्मा रकम | | | | ९,३८,०६,७४३.०० |

रकमान्तर गरिएका योजनामध्ये अधिकांश चालु प्रकृतिका खर्चमा वृद्धि गरिएको देखिन्छ। यसरी पर्याप्त आधार तथा विश्लेषण बिना ठूलो परिमाणमा रकमान्तर गर्ने तथा आर्थिक वर्षको उत्तरार्धमा खर्च केन्द्रित गर्ने प्रवृत्तिले योजना कार्यान्वयनको प्रभावकारिता, गुणस्तर तथा वित्तीय अनुशासनमा प्रतिकूल असर पर्ने जोखिम देखिन्छ। अतः रकमान्तर गर्दा स्पष्ट कारण, आवश्यकता तथा अपेक्षित परिणाम उल्लेख गरी न्यूनतम स्तरमा सीमित राख्ने तथा प्रारम्भमै यथार्थपरक योजना छनौट र बजेट विनियोजन गरी वित्तीय अनुशासन कायम गर्नुपर्ने देखिन्छ।

१८ **अबन्डा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था तथा कार्यक्रमको प्राथमिकताका आधार तयार गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले चालु आर्थिक वर्षमा रु. ४,२५,९८,००० अबण्डा राखेकोमा रु. ३,८५,०६,००० खर्च गरेको देखिन्छ। उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट पूँजीगत शीर्षकमा खर्च गरिएको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गरी यथासम्भव स्पष्ट कार्यक्रम तथा शीर्षक निर्धारण गरी बजेट विनियोजन गर्नुपर्ने देखिन्छ।

| सि.नं | कार्यक्रम | बजेट | खर्च |
|---|---|---|---|
| १ | मर्मत सम्भार कोष वडा | ३६,००,००० | ३५,९८,००० |
| २ | विपद्/ प्रकोप व्यवस्थापन कोष | १७,६४,००० | १७,६४,००० |
| ३ | विपद्/ प्रकोप व्यवस्थापन कोष | ११,५२,००० | ११,५२,००० |
| ४ | विपद्/ प्रकोप व्यवस्थापन कोष | १,२०,८२,००० | १,१६,८२,००० |
| ५ | विपद्/ प्रकोप व्यवस्थापन कोष | २,००,००,००० | २,००,००,००० |
| ६ | कार्यक्रम खर्च | २०,००,००० | ३,१०,००० |
| ७ | सेवा र परामर्श | २०,००,००० | |
| | जम्मा | ४,२५,९८,००० | ३,८५,०६,००० |

१९ **दायित्व भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ बमोजिम बहुवर्षीय खरिद तथा विशेष परिस्थितिबाट सिर्जित दायित्वमध्ये आगामी आर्थिक वर्षमा भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत वर्षको भुक्तानी दिन बाँकी रहेको विवरण खाता तथा कच्चावारी (म.ले.प.फा. नं. २२१) प्रमाणित गरी यस वर्षको बजेटमा समेत समावेश गरेको देखिन्छ। सोअनुसार चालु शीर्षकमा रु. ४७,०८,९१८ र पूँजीगत शीर्षकमा रु.२,७३,५२,१४१.६४ गरी जम्मा रु.३,२०,६१,०५९.६४ दायित्व भुक्तानी भएको देखियो। यसरी ठूलो परिमाणमा दायित्व सरेको अवस्थाले योजना छनौट तथा बजेट विनियोजन गर्दा यथार्थ स्रोत आकलन र कार्यान्वयन क्षमताको पर्याप्त विचार नभएको संकेत गर्दछ। अतः सम्बन्धित आर्थिक वर्षभित्रै भुक्तानी गर्न सकिने गरी योजना छनौट तथा बजेट विनियोजन गर्नुपर्ने देखिन्छ ।

| | चालुतर्फ | बजेट (रु.) | खर्च (रु.) |
|---|---|---|---|
| १ | विभिन्न आयोजनाहरु (गत आ.व.को भुक्तानी बाँकी) | १६०३४६६ | १५३६१६८ |
| २ | विभिन्न आयोजनाहरु (गत आ.व.को भुक्तानी बाँकी) | १०५७२४१ | १०५००० |
| ३ | विभिन्न आयोजनाहरु (गत आ.व.को भुक्तानी बाँकी) | ३५९०२९३ | ३०६७७५० |
| | चालुतर्फ जम्मा | ६२५१००० | ४७०८९१८ |
| | पुजीगततर्फ | | |
| १ | विभिन्न आयोजनाहरु (गत आ.व.को भुक्तानी बाँकी) | ३६८२५७५ | ९९६८५ |
| २ | विभिन्न आयोजनाहरु (गत आ.व.को भुक्तानी बाँकी) | ५३९१४१८ | १८२७३६१.८३ |
| ३ | विभिन्न आयोजनाहरु (गत आ.व.को भुक्तानी बाँकी) | १६५०००० | १२३८९६९ |
| ४ | विभिन्न आयोजनाहरु (गत आ.व.को भुक्तानी बाँकी) | २०९८८०१९ | २०९८३८८२.८१ |
| ५ | विभिन्नआयोजनाहरु (गतआ.वकोभुक्तानीबाँकी) | ३२०२२४३ | ३२०२२४३ |
| | पुजीगततर्फ जम्मा | ३४९१४२५५ | २७३५२१४१.६४ |
| | कुल जम्मा | ४,११,६५,२५५ | ३,२०,६१,०५९.६४ |

२० **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको २५ गरी कुल २८ विवाद दर्ता भएकोमा १५ वटा मात्र फर्स्यौट भई १३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२१ **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, ३ वटा नियमावली, ४५ कार्यविधि, ३ निर्देशिका, २ मापदण्ड र रणनीति १ लगायत ६१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । राजपत्रमा प्रकासित उक्त कानूनहरु पुर्ण रुपमा कार्यान्वियनमा ल्याउनुपर्दछ ।

२२ **फोहरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न सकेको छैन् । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२३ **सहकारी अनुगमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र रहेका २५ बचत तथा ऋण सहकारी संस्था लि., २९ बहुउदेश्यीय सहकारी संस्था लि., ३७ कृषि सहकारी संस्था लि. गरी कुल ९१ वटा सहकारी संस्थाको सदस्य संख्या, शेयर पुँजी, बचत, ऋण लगानी र जगेडा कोषको अवस्था निम्नानुसार रहेका छन् ।

| सहकारी संस्थाको किसिम | सहकारीको संख्या | सदस्य संख्या | शेयर पूँजी रु. | बचत रु. | ऋण लगानी रु. | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| बचत तथा ऋण सहकारी संस्था लि. | २५ | ३१११ | १०४२१९२०० | १४२८११०२९ | १३२९३२३४७ | ९१५८४०० |
| बहुउद्देश्यीय सहकारी संस्था लि./ उपभोक्ता सहकारी | २९ | १३०८ | ३३४९४९३०० | १९५४४०००० | १२७८००००० | ६१०५६०० |
| कृषि सहकारी संस्था | ३७ | ५३६९ | ७३५७४५०० | २७५३५०१० | ६१७२६००० | ४४०६८०० |
| जम्मा | ९१ | ९७८८ | ४४६५२६००० | ३६५४१६०२९ | ३२२४५८२४७ | १९०८०००० |

पालिकाले पेश गरेको विवरण अनुसार ९१ मध्ये ६५ वटा निस्कृय र २६ वटा सक्रिय रहेको देखिन्छ । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । निष्कृय ६५ सहकारीको सदस्य संख्या, सेयर पुँजी, बचत र ऋण लगानी शुन्य रहेको विवरण पेश भएको छ । २६ ओटा सहकारी संस्थाहरुले पासवर्ड लिए पनि COPOMIS बाट मासिक रुपमा विवरण भरेको छैनन् । कर्मचारी अभाव, क्षमतामा कमी लगायत कारण विवरण पेश नभएको पालिकाले जनाएको छ। ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ । साथै सहकारीको अनुगमन तथा सहजीकरण गरी प्रभावकारी रुपमा संचालनको व्यवस्था मिलाउनु पर्दछ ।

२४ **अनुदानको अनुगमनः**

सार्वजनिक निकायबाट उपलब्ध गराइने अनुदानको सही सदुपयोग भएको छ वा छैन भन्ने एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले नियमित रूपमा अनुगमन तथा उपलब्धि मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ। तर यस वर्ष वितरण गरिएको अनुदानको उपयोग, प्रभावकारिता तथा प्राप्त उपलब्धिको मापन गरिएको देखिएन। साथै विगत वर्षहरूमा वितरण गरिएको अनुदानको अभिलेख अद्यावधिक राखी उपलब्धि मूल्याङ्कन गरेको समेत देखिएन। अनुदान वितरण सम्बन्धमा स्पष्ट मापदण्ड, छनौटको आधार तथा मागदाबी सम्बन्धी सूचना प्रकाशन नगरी वडाको सिफारिसका आधारमा वितरण गरेको देखिन्छ। साथै स्थानीय अनुदान नीति तथा कार्यविधि तर्जुमा नगरी अनुदान उपलब्ध गराइएको अवस्था छ। यसले पारदर्शिता, जवाफदेहिता तथा दोहोरो अनुदानको जोखिम बढाउने देखिन्छ। यस वर्ष देहायबमोजिम विभिन्न कार्यक्रम अन्तर्गत जम्मा रु. ५६,५७,४७३ अनुदान वितरण गरिएको छः

| सि नं | कार्यक्रमको नाम | लाभग्राही सहकारी संस्था वा कृषक | कार्यक्रम खर्च | पालिकाको भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | **दुध उत्पादनमा आधारित अनुदान** | १६७ कृषक | २४८३१६० | २४८३१६० |
| २ | बाख्रा प्रवर्द्धन बाख्रा प्रवर्द्धन कार्यक्रम, रोशी-९ | ५वटा फर्म | ९९२८४१ | ४,७२,००० |
| ३ | फलफुल (ड्रागनफ्रुट) प्रवर्द्धन कार्यक्रम, रोशी- ९ | १ समुह | | ९९२३४० |
| ४ | पशुपालन(भैसि) प्रवर्द्धन कार्यक्रम,रोशी -१० | ६ समुह | | ७१०२५३ |
| ५ | तरकारी खेती प्रवर्द्धन कार्यक्रम | ९०० | ३,९९,७२० | ३,९९,७२० |
| ६ | फलफुल खेती प्रवर्धन कार्यक्रम | ९१ | ६००००० | ६००००० |
| | जम्मा | | | ५६,५७,४७३ |

अतः अनुदान वितरण सम्बन्धमा स्पष्ट नीति, मापदण्ड र छनौट प्रक्रिया तय गरी पारदर्शी रूपमा वितरण गर्ने, वितरण पश्चात नियमित अनुगमन तथा उपलब्धि मूल्याङ्कन गर्ने, संघ–प्रदेश–स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने सुनिश्चित गर्ने तथा अनुदानको अभिलेख व्यवस्थित रूपमा राखी प्रतिवेदन तयार गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ।

२५ **विल भरपाई पेश नभएकोः**

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२६ **पेश्की बाकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले देहायअनुसार गत विगत वर्षमा दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्योंट नभई रु.५,८१,३०० बाँकी रहेकोले एकिकृत हिसाव तयार गरी फछ्यौट गर्नुपर्दछ ।

| **क्र.सं.** | **पेश्कीको विवरण** | **पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम** | **गत आ.व सम्मको** |
|---|---|---|---|
| १ | पशु क्वारेन्टाईन व्यवस्थापन | यूनाइटेट अजोडा लि. | २,००,०००.०० |
| २ | एकिकृत सिखर महिला बचत तथा ऋण सहकारी संस्था | श्री एकिकृत शिखर महिला बचत तथा ऋण सहकारी संस्था लि. | १,००,०००.०० |
| ३ | देवि मा.वि. भवन | श्री देवी माध्यमिक विद्यालय | १,४५,५००.०० |
| १ | माम्ति खानेपानी | माम्ती खानेपानी उपभोक्ता समिति | १,३५,८००.०० |
| कुलजम्मा | | | ५,८१,३००.०० |

२७ **शिक्षक दरवन्दी र पदपूर्तिः**

स्थानीय तहअन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षक पदपूर्ति भई नियमित पठनपाठन सञ्चालन हुनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी, पदपूर्ति अवस्था तथा विद्यार्थी संख्या निम्नानुसार रहेको देखिन्छ:

| क्र.सं. | विद्यालयको संख्या | शिक्षक कुल दरबन्दी | पदपूर्ति मध्ये स्थायी | पदपूर्ति मध्ये करार | राहात | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | ६४ | ३१७ | १५० | ४५ | १२२ | ५१६९ |

उपलब्ध विवरण अनुसार शिक्षक–विद्यार्थी औसत अनुपात १:१६ रहेको देखिन्छ। समग्र दरबन्दी र विद्यार्थी संख्याको अवस्थालाई विचार गर्दा शिक्षक–विद्यार्थी अनुपात सन्तुलनका लागि विद्यालय समायोजन (मर्ज) गर्नुपर्ने देखिन्छ। भौगोलिक कठिनाइका कारण विद्यालय समायोजन सम्भव नभएको अवस्थामा कक्षा संख्या पुनर्संरचना गरी उपलब्ध शिक्षकको प्रभावकारी व्यवस्थापन गर्न आवश्यक देखिन्छ।

२८ **विध्यालयगत निकासा खाताः**

कार्यालयले विद्यालयहरूलाई प्रदान गर्ने चौमासिक निकासाको विवरण विद्यालयगत रूपमा अभिलेख राख्नुपर्ने व्यवस्था छ। तर कार्यालयले विद्यालयलाई दिएको निकासाको विद्यालयगत अभिलेख खाता राखेको देखिएन। यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहेको देखिन्छ। अतः विद्यालयगत निकासा अभिलेख खाता व्यवस्थित रूपमा राखी निकासाको अनुगमन तथा दोहोरो भुक्तानीको जोखिम नियन्त्रण गर्नुपर्ने देखिन्छ।

२९ **विद्यार्थी तथा विद्यालय व्यवस्थापनः**

शिक्षा नियमावली, २०५९ को नियम ४ बमोजिम विद्यालय सञ्चालन गर्न सामुदायिक विद्यालयको पूर्वाधार अनुसूची–३ को (ठ) अनुसार प्रति कक्षा विद्यार्थी संख्या हिमाली क्षेत्रमा ४०, पहाडी क्षेत्रमा ४५ तथा तराई क्षेत्रमा ५० हुनुपर्ने उल्लेख छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार ६४ वटा विद्यालयमा जम्मा ३१७ शिक्षक दरबन्दी रहेकोमा १५० स्थायी, ४५ करार र १२२ राहत गरी सबै दरबन्दी पूर्ति भएको देखिन्छ। विद्यार्थी संख्या ५,१६९ रहेकोले पालिकाको शिक्षक–विद्यार्थी औसत अनुपात १:१६ रहेको छ। साथै प्रति विद्यार्थी लागत रु. ३२,५९२ रहेको देखिन्छ। शिक्षक–विद्यार्थी अनुपात, प्रति विद्यार्थी लागत तथा भौगोलिक विकटता लगायतका पक्षलाई ध्यानमा राखी शिक्षक दरबन्दी पुनर्संरचना, विद्यालय समायोजन तथा स्रोत व्यवस्थापन गरी पठनपाठनलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

| सि.न. | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | कुल निकासा (रु.) | विद्यार्थी शिक्षक अनुपात | प्रति विद्यार्थी लागत (रु.) |
|---|---|---|---|---|---|---|
| १ | चेतना मा.वि.ताङ्लिन | १२ | १८१ | ५१८९३२४ | १५ | २८६७० |
| २ | डुम्बर प्रा.वि.डुम्बरडाँडा | १ | १९ | ४५८६४२ | १९ | २४१३९ |
| ३ | ठेरा चौर प्रा.वि.खहरेगाँउ | ० | | ० | | |
| ४ | सेतीदेवी प्रा.वि.ठेराबगर | २ | २५ | ९७८३६५ | १३ | ३९१३५ |
| ५ | लक्ष्मीनारायण मा.वि. | २६ | ३१३ | १४६१८५८४ | १२ | ४६७०५ |
| ६ | ग्रामोत्थान प्रा.वि.चण्डीगाँउ | ३ | ४३ | १९७५५७९ | १४ | ४५९४४ |
| ७ | गणेश प्रा.वि. | ० | | ० | | |
| ८ | भुसुनेकालि देविप्रा.वि. | ३ | २२ | १४३४६०७ | ७ | ६५२०९ |
| ९ | महाभारत प्रा.वि. | १ | | ० | ० | |
| १० | देवि मा.वि. | ११ | १९६ | ५८६२३३६ | १८ | २९९१० |
| ११ | सरस्वती प्रा.वि.भदौरे | ३ | ६४ | १५१२४९४ | २१ | २३६३३ |
| २१ | भुमेस्थान प्रा.वि.मसरांगी | ३ | २५ | १६५४०८५ | ८ | ६६१६३ |
| १३ | भीमसेन प्रा.वि. साझकोट | २ | २८ | ९७८३६५ | १४ | ३४९४२ |
| १४ | बालज्योती प्रा.वि.भण्डारे | १ | ११ | ४५८६४२ | ११ | ४१६९५ |
| १५ | महाकाल प्रा.वि.फलांगे | १ | २६ | ४५८६४२ | २६ | १७६४० |
| १६ | जोगेश्वर मा.वि.महादेवटार | ९ | १५९ | ५१२६०८६ | १८ | ३२२४० |
| १७ | नागदेवी मा.वि. माटे | ९ | ६३ | ५११०२१८ | ७ | ८१११५ |
| १८ | थानापति प्रा.वि.सिग्देल | ३ | ३० | ११४९६२२ | १० | ३८३२१ |
| १९ | रंगिन नेपालप्रा.वि. | ० | १७ | ० | | ० |
| २० | ज्वालादेवी प्रा.वि.महादेवटार | १ | १९ | ५२२१२२ | १९ | २७४८० |
| २१ | भुमेस्थान मा.वि.भुमेडाँडा | ९ | १०९ | ५३३७१०१ | १२ | ४८९६४ |
| २२ | गणेश आ.वि.दोकर्पा | ५ | ४८ | २५०६९११ | १० | ५२२२७ |
| २३ | विद्याविकास प्रा.वि.घिसिंङटोल | ३ | ३५ | १४४८४३७ | १२ | ४१३८४ |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | सिद्धार्थ प्रा.वि.बोल्देपाखा | २ | ७ | ९७८३६५ | ४ | १३९७६६ |
| २५ | हिमालय मा.वि. चिलाउने | १२ | २९२ | ६१८०२३७ | २४ | २११६५ |
| २६ | हरिसिद्धि मा.वि.कालिन्चोक | ९ | १८२ | ५०७४०४४ | २० | २७८७९ |
| २७ | कालिदेवी आ.वि.पिन्डाँडा | ५ | ७० | २२५८७८१ | १४ | ३२२६८ |
| २८ | चम्फादेवी प्रा.वि.चम्फागाँउ | ३ | ४१ | १३७११२७ | १४ | ३३४४२ |
| २९ | ठाकुरस्थान प्रा.वि.कुर्खेपाखा | ३ | ३१ | १३७११२७ | १० | ४४२३० |
| ३० | रोशी मा.वि. कटुञ्जे | १८ | २७५ | ११२५८५९५ | १५ | ४०९४० |
| ३१ | गौतमनाथ आ.वि. रघुचौर | ५ | ६६ | २६८३४५९ | १३ | ४०६५८ |
| ३२ | बूद्ध प्रा.वि.मानेडाँडा | १ | | ० | ० | |
| ३३ | खडाँदेवी प्रा.वि.सालभन्ज्याङ | २ | १८ | ४५८६४२ | ९ | २५४८० |
| ३४ | जनज्योती प्रा.वि.संयले | २ | १२ | ४५८६४२ | ६ | ३८२२० |
| ३५ | इन्द्रावती प्रा.वि.कटुन्जे | ३ | ४५ | १४९६९१७ | १५ | ३३२६५ |
| ३६ | प्रभू प्रा.वि.थानसिंह | १ | ७ | ४५८६४२ | ७ | ६५५२० |
| ३७ | अमरनाथ प्रा.वि.थानसिंहबेंसी | ३ | ४४ | १५७२६११ | १५ | ३५७४१ |
| ३८ | इन्द्रोदय आ.वि.घिसिङटोल | ५ | ४८ | २०२६२७२ | १० | ४२२१४ |
| ३९ | खार्तामहादेवस्थानप्रा.वि. खार्ता | २ | ११ | ५६८८५४ | ६ | ५१७१४ |
| ४० | भूमेस्थान प्रा.वि.खार्पाचोक | १ | २० | ५६८८५४ | २० | २८४४३ |
| ४१ | देविश्वरी प्रा.वि.किर्दाश | २ | १२ | ५६८८५४ | ६ | ४७४०५ |
| ४२ | गायत्री प्रा.वि.हर्रे | २ | ११ | ५२३९२२ | ६ | ४७६२९ |
| ४३ | मंगल जन विजय मा.वि.मंगलटार | १७ | ३७१ | १०६१०३६७ | २२ | २८५९९ |
| ४४ | विन्धवासिनी मा.वि.रजवास | ११ | २१६ | ५७३५३६७ | २० | २६५५३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४५ | मंगलेश्वर प्रा.वि.बोहोरे | १ | | ० | ० | |
| ४६ | विन्धवासिनी प्रा.वि.कात्तिकेचौर | २ | ४२ | १८३७५७५ | २१ | ४३७५२ |
| ४७ | छत्रेपिपल प्रा.वि.पानन्चे | ३ | ६५ | २०२९८०३ | २२ | ३१२२८ |
| ४८ | महाकालीदेवी प्रा.वि.कर्मोदय | २ | ३० | १६०७१२९ | १५ | ५३५७१ |
| ४९ | महाकालीदेवी प्रा.वि.थाक्ले | २ | २१ | १०८८५७७ | ११ | ५१८३७ |
| ५० | भूमेस्थान प्रा.वि.सल्लेनी | ३ | २७ | ९१४८८५ | ९ | ३३८८५ |
| ५१ | पन्चकन्या मा.वि.वाल्टीङ | १५ | २८० | ९०६९३६८ | १९ | ३२३९१ |
| ५२ | बुद्धिविनोद प्रा.वि.पोखरीटोल | २ | ५१ | ९१४८८५ | २६ | १७९३९ |
| ५३ | जागेश्वर प्रा.वि.वाल्टीञ्तारे | २ | ४९ | १४४८४३७ | २५ | २९५६० |
| ५४ | सरस्वती प्रा.वि.पोखरीटोल | ५ | ६८ | २६३०९९६ | १४ | ३८६९१ |
| ५५ | महाभारत प्रा.वि.वाल्टीङ | २ | २४ | ८८१९८३ | १२ | ३६७४९ |
| ५६ | भिमेश्वर मा.वि.मस्तीबेंसी | ७ | ११८ | ४२८५०६४ | १७ | ३६३१४ |
| ५७ | पोक्रा मा.वि. भदौरे | १२ | ३०७ | ६४५६८८६ | २६ | २१०३२ |
| ५८ | जुगेश्वर मा.वि. जुकेपानी | ७ | १९३ | ४१५१३१६ | २८ | २१५०९ |
| ५९ | कृष्ण आ.वि. मेर्पा | ५ | ९० | २५४९५१८ | १८ | २८३२८ |
| ६० | सरस्वती प्रा.वि.रामरीङ | १ | १६ | ४५८६४२ | १६ | २८६६५ |
| ६१ | शान्ती बुद्ध प्रा.वि.करमडाँडा | ३ | ५० | १६९८४०१ | १७ | ३३९६८ |
| ६२ | बुद्धवाल प्रा.वि.भैंसेडाँडा | ३ | ७३ | ९१४८८५ | २४ | १२५३३ |
| ६३ | जनआदर्श प्रा.वि.भिमखोरी | १ | १२ | ६६०१२६ | १२ | ५५०११ |
| ६४ | सल्यकाली प्रा.वि.मिन्दुपा | १ | २७ | ४५८६४२ | २७ | १६९८७ |
| ६५ | गणेश मा.वि. शिखरपुर | १० | २५४ | ५६४८६८० | २५ | २२२३९ |
| ६६ | विन्धवासिनी | ६ | ९८ | ३४६७७९३ | १६ | ३५३८६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आ.वि.केराबारी | | | | | |
| ६७ | महाकालीप्रा.वि.घ्याङ्डाँडा | २ | १७ | ९१४८८५ | ९ | ५३८१७ |
| ६८ | जनकल्याण प्रा.वि.कमरदेउ | १ | १७ | ४५८६४२ | १७ | २६९७९ |
| ६९ | भूवनेश्वरी प्रा.वि.हर्कपुर | २ | २८ | ९१४८८५ | १४ | ३२६७४ |
| | जम्मा | ३१७ | ५१६९ | १६,८४,६५,८४४ | १६ | ३२,५९२ |

३० **बढी ग्रेड भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,२९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,२९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **४,८७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३१ **बढी तलव निकासाः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,४५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,५२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,२२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,५२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३२ **बालविकास सहजकर्ताः**

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (प्रथम संशोधन २०७५) बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएको अवस्थामा १ जना बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने तथा २५ जना भन्दा बढी विद्यार्थी भएमा आवश्यकतानुसार थप सहजकर्ता राख्न सकिने व्यवस्था रहेको छ। पालिकाअन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रहरूमा २५ जना भन्दा कम विद्यार्थी संख्या रहेको अवस्थामा समेत २ जना बालविकास सहजकर्ता राखी संघ सशर्त अनुदानबाट रु. १०,००० तथा पालिकाबाट रु. ८,००० गरी रु.१८००० का दरले रु.१२,२०,००० निकासा गरेको देखिन्छ। यसरी मापदण्ड भन्दा बढी सहजकर्ता राखी निकासा गरेको रकम नियम सम्मत नदेखिएको रु.

| क्र सं | विद्यालयको नाम | विद्यार्थी संख्या | आवश्यक बाल शिक्षक | नियुक्त बाल शिक्षक | रकम रु.१३ महिना पोशाक भत्ता सहित |
|---|---|---|---|---|---|
| १ | रोशी मा वि कटुन्जे | १८ | १ | २ | २,४४,००० |
| २ | विन्ध्वावासिनी मा वि | २१ | १ | २ | २,४४,००० |
| ३ | सरस्वती प्रा वि | १३ | १ | २ | २,४४,००० |
| ४ | बुद्धवाल प्रा वि | १५ | १ | २ | २,४४,००० |
| ५ | विन्ध्वावासिनी आ वि | १७ | १ | २ | २,४४,००० |
| जम्मा | | | | | १२,२०,००० |

| अनियमित भएको | १२,२०,००० |
|---|---|

३३ **निशुल्क पाठ्यपुस्तकः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,९५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२,३५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,२५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२,६४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,०१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३४ **अनुगमन भत्ताः** (११९-):

बागमती प्रदेश सरकारद्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सेवासुविधा सम्बन्धी ऐन, २०७५ मा स्थानीय पदाधिकारीहरूले स्थानीय क्षेत्रभित्रका योजना तथा कार्यक्रमहरूको अनुगमन गरेवापत भत्ता उपलब्ध गराउने व्यवस्था उल्लेख भएको छैन। तर पालिकाले “श्रमको सम्मान, राष्ट्रको अभियान” सम्बन्धी कार्यक्रममा अनुगमन गरेवापत ७० जना पदाधिकारी तथा कर्मचारीलाई प्रति व्यक्ति रु. १,००० का दरले (कर कट्टी पश्चात्) जम्मा रु. ५९,५०० भत्ता भुक्तानी गरेको देखियो। कानुनमा व्यवस्था नभएको अवस्थामा पदाधिकारी तथा कर्मचारीलाई अनुगमन भत्ता भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५९,५०० |

३५ **विद्यालय अनुदानको अनुगमनः**

विद्यालय कार्यक्रम कार्यान्वियन कार्यविधि पुस्तिका २०८१/८२ को कार्यक्रम कार्यान्वियन सम्बन्धी मार्गदर्शन अनुसार स्थानीय तहले विद्यालयहरूमा जाने सबै प्रकारका अनुदानलाई व्यवस्थित गर्न तथा शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको संयन्त्रअन्तर्गत अनुदान व्यवस्थापन इकाइ गठन गरी सोमार्फत अनुदान निकासा तथा अनुगमन गर्नुपर्ने व्यवस्था उल्लेख छ। पालिकाले यस आर्थिक वर्षमा ६४ वटा विद्यालयलाई पाठ्यपुस्तक अनुदान, दिवा खाजा अनुदान, छात्रवृत्ति अनुदान, प्रति विद्यार्थी लागत अनुदान तथा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान शीर्षकमा कुल रु. १,१८,७९,४१३ निकासा दिएको देखिन्छ। उक्त अनुदानको खर्च तथा उपयोग सम्बन्धमा अनुगमन गरेको अभिलेख उपलब्ध नभएकोले अनुदानको प्रभावकारिता र उद्देश्यअनुरूप खर्च भएको यकिन हुन सकेन। अतः पालिकाले प्रदान गरेको अनुदानको उपयोग सुनिश्चित गर्न नियमित अनुगमन तथा प्रतिवेदन प्रणाली विकास गरी कार्यान्वियन गर्नुपर्ने देखिन्छ।

३६ **लघु उद्यम विकास कार्यक्रमः**

गरिब निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ अनुसार तालिमबाट उत्पादित सामान तथा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरू परल मूल्यको पचास प्रतिशत छुट दरमा सहभागीहरूलाई बिक्री गर्नुपर्ने व्यवस्था छ। यसरी बिक्री हुन नसकेका सामान सम्भव भएसम्म कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाई बिक्री–वितरण तथा प्रचारप्रसार गर्नुपर्ने र त्यहाँबाट पनि बिक्री नभएमा विवरणसहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने प्रावधान रहेको छ। साथै बिक्रीबाट प्राप्त रकम तोकिएको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा ४ वटा सीपमूलक तालिम सञ्चालन गरी कच्चा पदार्थ खरिदमा रु. १,१७,४५० खर्च गरेको देखिन्छ। तर तालिमबाट उत्पादित सामान वा वस्तुहरू बिक्री गरी राजस्व खातामा दाखिला गरेको देखिएन। साथै बिक्री हुन नसकेका सामान स्टोर दाखिला गरेको अभिलेख पनि उपलब्ध नभएकोले उत्पादनको उपयोग तथा लेखा व्यवस्थापन स्पष्ट हुन सकेन। अतः निर्देशिकाबमोजिम उत्पादन अभिलेख, बिक्री, राजस्व दाखिला तथा स्टोर व्यवस्थापन नगरी खर्च गरिएको रु. १,१७,४५० नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,१७,४५० |

३७ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउने तथा सामुदायिक पूर्वाधार विकासमार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। कार्यक्रमको व्यवस्थित कार्यान्वियनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ जारी गरिएको छ। यस कार्यक्रमअन्तर्गत पालिकाका १२ वटै वडामा २० वटा योजना सञ्चालन गरी चालु आर्थिक वर्षमा ११७ जनालाई औसत ५२.८४ दिनका दरले जम्मा ६,१८३ दिन रोजगारी उपलब्ध गराइएको छ। सो बापत रु. ४२,३४,३९२.३२ श्रमिक ज्यालामा खर्च गरिएको छ। तर पालिकाका नियमित योजना तथा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार स्पष्ट रूपमा उल्लेख नगरेको कारण योजनाहरू दोहोरो परे/नपरेको सम्बन्धमा यकिन गर्न सकिएन। योजनाको छनौट पारदर्शी र अभिलेखयुक्त ढंगले गरी दोहोरोपन नहुने सुनिश्चितता गर्नुपर्ने देखिन्छ। यद्यपि उक्त कार्यक्रममार्फत लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएको देखिए तापनि कार्यको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको प्रमाणित हुन सकेको छैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम योजना छनौट, कार्यान्वियन तथा अनुगमन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक देखिन्छ।

३८ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी आर्थिक वर्ष २०८१/८२ को सशर्त अनुदानअन्तर्गत स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरूको मार्गदर्शनमा अनुमानका आधारमा न्यानो झोला खरिद गर्नुपर्ने उल्लेख छ। सो मार्गदर्शन अनुसार अस्पतालहरूले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तोकिएको स्पेसिफिकेशनअनुसार न्यानो झोला खरिद गरी उक्त सामग्रीको गुणस्तर

तोकिएको मापदण्डअनुसार भए/नभएको आधिकारिक तहबाट परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाअन्तर्गतका ४ वटा बर्थिङ सेन्टरका लागी आर्थिक वर्ष २०८०/८१ बाट १४७ थान न्यानो झोला जिम्मेवारी सरेकोमा यो बर्ष न्यानो झोला खरिद भएको छैन्। अभिलेख अनुसार गत वर्ष ७९ जना र यस वर्ष ६७ जना गरी जम्मा १४६ जना प्रसुती भएको देखिन्छ। आर्थिक वर्ष २०८१।८२ मा १ थान न्यानो झोला मौज्दातमा रहेको देखिएको छ। खरिद गरिएका न्यानो झोलाहरू तोकिएको स्पेसिफिकेशनअनुसार गुणस्तरयुक्त भए/ नभएको सम्बन्धमा आधिकारिक तहबाट परीक्षण गर्नुपर्ने देखिन्छ।

३९ **स्वास्थ्य विमा**

गाउँपालिकाले जेष्ठ नागरिक स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत जेष्ठ नागरिकहरूको स्वास्थ्य बीमा प्रिमियम पालिकाबाट भुक्तानी गरेको छ। यस वर्ष पालिकामा ९,१७१ जना जेष्ठ नागरिक रहेकोमा ९२७ जनाको स्वास्थ्य बीमा गराई प्रिमियम बापत रु. ३२,४४,५०० भुक्तानी गरिएको देखिन्छ। तर कार्यक्रम सञ्चालन सम्बन्धमा स्पष्ट कार्यविधि तथा लक्षित वर्ग छनौटको मापदण्ड तयार गरेको नदेखिएकोले लाभग्राही छनौटको पारदर्शिता र प्रभावकारिता एकिन हुन सकेन। अतः स्पष्ट कार्यविधि तर्जुमा गरी लक्षित वर्गको मापदण्ड निर्धारण, अभिलेख व्यवस्थापन तथा अनुगमनको व्यवस्था गर्दै कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

४० **औषधि खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको मालसामान खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले आन्तरिक स्रोतबाट रु. ११,६०,२२४ तथा संघीय स्रोतबाट रु. १२,४९,००० गरी कुल रु. २४,०९,२२४ को औषधि बोलपत्रको माध्यमबाट खरिद गरेको देखिन्छ।

सो सम्बन्धमा निम्न व्यहोरा देखिएका छन्:

- आपूर्ति हुने औषधि डब्लुएचओ (WHO) प्रमाणित हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नम्बर र म्याद समाप्ति मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नुपर्नेमा राखेको देखिएन ।
- आपूर्ति भएका औषधि तथा सर्जिकल सामग्री स्टोर दाखिला गर्नु अघि तोकिएको स्पेसिफिकेशनअनुसार भए/ नभएको परीक्षण गरेको अभिलेख नभएकाले औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन हुन सकेन।
- औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिदबाट आएको र जिल्लाबाट हस्तान्तरण भई आएको स्पष्ट छुट्याई व्यवस्थित रूपमा आम्दानी बाँध्ने गरेको देखिएन।
- औषधिको खर्च वास्तविक प्रयोगको आधारमा नगरी एकमुष्ट मागफारामको आधारमा घटाउने गरिएको देखियो।
- नमूना परीक्षण गर्दा केही औषधिहरूमा "निःशुल्क" लोगो उल्लेख नभएको पाइएको छ।

  उपरोक्त अवस्थाबाट औषधि खरिद, गुणस्तर परीक्षण, भण्डारण तथा जिन्सी व्यवस्थापनमा आन्तरिक नियन्त्रण कमजोर रहेको देखिन्छ। अतः प्रचलित मापदण्ड तथा नियमावली बमोजिम खरिद प्रक्रिया अवलम्बन गरी गुणस्तर परीक्षण, व्यवस्थित आम्दानी—खर्च अभिलेख तथा सुरक्षित भण्डारण व्यवस्था सुनिश्चित गर्नुपर्ने देखिन्छ।

४१ **ढुंगा, गिट्टी, बालुवाको ठेक्काः**

पालिकाभित्र निम्न ११ स्थानमा ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा बिक्रीका लागि वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) स्वीकृत भई कुल ७,०७,४४२ घनमिटर उत्खनन गर्न सकिने तथा प्रदेशले निर्धारण गरेको दरका आधारमा न्यूनतम रु. १७,४८,८८,६७१ आम्दानी गर्न सकिने देखिन्छ। विवरण निम्नानुसार छ:

| सि. नं. | ठेक्काको विवरण | वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार उत्खनन गर्न सकिने परिमाण (घन मिटर) | प्रदेशले निर्धारण गरेको दरको आधारमा न्यूनतम मूल्य (रु.) |
|---|---|---|---|
| १ | सुप्रिम स्टोन प्रा.लि.को निजी खानीबाट उत्पादन हुने साधारण निर्माणमुखी खनिज (ढुंगा) | ८१,००० | २,००,२३,४१६ |
| २ | नाङ्गशाल ढुंगा रोडा उद्योगको निजी खानीबाट उत्पादन हुने साधारण निर्माणमुखी खनिज (ढुंगा) | २०,१६० | ४९,८३,६०६ |
| ३ | सुर्य बहादुर तामाङ (मंगल रोडा ढुंगा उद्योग प्रा.लि.) | ५४,००० | १,३३,४८,९४४ |
| ४ | जय नेपाल सप्लायर्स प्रा.लि. | ८१,००० | २,००,२३,४१६ |
| ५ | पलाञ्चोक भगवती बालुवा तथा ढुंगा उद्योग प्रा.लि.को निजी खानीबाट उत्पादन हुने साधारण निर्माणमुखी खनिज (ढुंगा) | ७५,६०० | १,८६,८८,५२२ |
| ६ | एस.एम. बालुवा ढुंगा उद्योग प्रा.लि. | ८१,००० | २,००,२३,४१६ |
| ७ | रोशी गाउँपालिका ११ र १२ मान्ती खोलाको बगर क्षेत्र | २२,९७३ | ५६,७८,८६३ |
| ८ | रोशी गाउँपालिका १० र ११ भ्याकुरे खोलाको बगर क्षेत्र | २७,७२० | ६८,५२,४५८ |
| ९ | रोशी गाउँपालिका ३, ४ र ५ सानी खोलाको बगर क्षेत्र | २८,१९३ | ६९,६९,२६१ |
| १० | रोशी गाउँपालिका ७ भष्मे खोलाको बगर क्षेत्र | ६,८८८ | १७,०२,७३२ |
| ११ | नार्के खोलाको बगर क्षेत्र | २८,१४८ | ६९,५८,१८२ |
| १२ | अधेरी खोला बगर क्षेत्र | १२,६३४ | ३१,२३,७१२ |
| १३ | पडा खोला बगर क्षेत्र | १२,६३४ | ३१,२३,७१२ |
| १४ | रोशी खोला, रोशी—७ | ३०,२९० | ७४,८८,८९७ |
| १५ | तार्के खोला देभानदेखि कल्लेरी बेसी नागपोखरी | ६२,९९२ | १,५५,७४,०६० |
| १६ | नागसाल क्रसरदेखि घुमाउने दह | ५,७६० | १४,२४,१०० |
| १७ | नागसाल क्रसरदेखि पनथलीबेसी बुद्धचोक | ३४,८३४ | ८६,१२,३५८ |
| १८ | पनथलीबेसी बुद्धचोकदेखि कालढुंगा भ्याकुरे खोला | ४१,६१६ | १,०२,८९,०१६ |
| **जम्मा** | | **७,०७,४४२** | **१७,४८,८८,६७१** |

४१.१ **ठेक्का नलागेको अवस्थाः**

पालिकाले उपरोक्त ११ स्थानको ढुंगा, गिट्टी, बालुवा बिक्रीको ठेक्का व्यवस्थापनका लागि तीन पटक आह्वान गरेको भए पनि ठेक्का नलागेको देखिन्छ। पालिकाको भनाइ अनुसार प्राकृतिक विपद्, गाउँपालिकाभित्र ठूला आयोजनाहरू सञ्चालन नभएको, राजमार्ग बिग्रिएको कारण ढुवानी लागत बढी हुनु, विपी राजमार्ग निर्माण कार्यमा प्रयोग हुने सामग्रीको रोयल्टी प्राप्त नहुनु लगायतका कारण व्यवसायी आकर्षित नभएको हो। साथै वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृतिमा ढिलाइ हुनु र आर्थिक वर्षको सुरुमै ठेक्का आह्वान गर्न नसक्दा उत्खनन अवधि छोटो हुने भएकाले समेत व्यवसायीको सहभागिता कम भएको देखिन्छ। आन्तरिक आयको महत्वपूर्ण स्रोत रहेको यस क्षेत्रको आम्दानी सुनिश्चित गर्न तोकिएको कानुनी प्रक्रिया पूरा गरी समयमै ठेक्का व्यवस्थापन गर्नु आवश्यक देखिन्छ।

४१.२ **राजश्व बाँडफाँटः** स्थानिय सरकार संचालन ऐन,२०७४ को साबिक दफाको उपदफा १, १(च), ३ र ४ मा ढुङ्गा, गिट्टि र बालुवाको करमा प्रदेश तथा स्थानिय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरि स्थानिय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरि बाँडफाँड हुने व्यवस्था गरेको थियो । तर उक्त दफा सघिंय आर्थिक ऐन, २०७५ द्धारा खारेज गरि दफा ६२(क) थप गरेर स्थानिय तहहरुले गिट्टि, ढुङ्गा, बालुवा बिक्रि गरि प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । यसै सम्बन्धमा बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९(४) मा संघीय कानुनसंग बाझिने गरि ढुङ्गा, गिट्टी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धि व्यवस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९(६) बमोजिम स्थानिय विभाज्य कोषमा जम्मा भएको रकम बाडफाड गरी साठी प्रतिशत स्थानीय संचित कोष र चालिस

प्रतिशत प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसै गरि संघीय मन्त्री परिषदले ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ जारि गरि गिट्टि, ढुङ्गा, बालुवा बिक्रि बापतको राजश्व स्थानियले संकलन गरि प्रदेश र स्थानिय तहबिच क्रमशः ४० र ६० प्रतिशत हुने गरि बाडफाड हुने व्यवस्था गरेको छ जुन स्थानिय सरकार संचालन ऐनको दफा ६२ (क) बिपरित देखिन्छ । यस आर्थिक वर्षमा पालिकाले अमानतबाट ढुंगा, गिट्टी, बालुवा बिक्री गरी रोयल्टी बापत रु. ३,१८,२०,८०० आम्दानी गरेको र सो रकममध्ये ४० प्रतिशत प्रदेश संचित कोषमा तथा ६० प्रतिशत आफ्नो संचित कोषमा दाखिला गरेको देखिन्छ।

४२ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, अधुरो योजनाको अवस्था, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ

४३ **बिटुमिनमा बढी भुक्तानीः**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **४०५,८८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४४ **ठेक्का व्यवस्था:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १७ देखि ५१ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्र दाता संख्या | लागत अनुमान (रु.) | सम्झौता रकम (रु.) | घटी प्रतिशत | सम्झौता मिति |
|---|---|---|---|---|---|---|---|
| १ | चौकडाँडा खहरेपागु सडक, रोशी–५ | RRM/ UCK/ W/ NCB/ ०२/ २०८१/ ८२ | ११ | १,९९,९६,५३३ | १,०९,२०,८४१ | ४५% | ३१/ ०७/ २०८१ |
| २ | कालढुंगा–गोमती भन्ज्याङ हायु बस्ती सडक | RRM/ UKGS/ W/ NCB/ ०१/ २०८१/ ८२ | १७ | १,९९,९५,२९१ | ९८,८९,५८३ | ५१% | २१/ ०७/ २०८१ |
| ३ | पोटादोभान लुर्पुङ दोकर्पा सडक | RRM/ UPA/ W/ NCB/ ०३/ २०८१/ ८२ | १० | १,९९,९८,२९६ | १,०१,७४,४९९ | ४९% | २१/ ०७/ २०८१ |
| ४ | तिनधारे झरना संरक्षण कार्य | RRM/ TJSK/ W/ NCB/ ०६/ २०८१/ ८२ | २ | ४९,९९,२६२ | ३५,६९,६४९ | २९% | १३/ १०/ २०८१ |
| ५ | भन्ज्याङ साँजकोट सडक | RRM/ UBS/ W/ NCB/ ०४/ २०८१/ ८२ | २ | २९,९६,३५० | २४,९३,५१० | १७% | ०६/ १०/ २०८१ |
| ६ | कजुन्जे–थाङ्सिङ सिहाला सडक | RRM/ UKTS/ W/ NCB/ ०५/ २०८१/ ८२ | ६ | २४,९६,५७१ | १२,६१,९६३ | ४९% | २०८२/ ०२/ ३० |
| ७ | प्रशासनिक भवन कम्पाउण्ड | RRM/ GBFC/ W/ NCB/ ०७/ २०८१/ ८२ | ८ | १,५६,६२,१५९ | ९५,१८,९८७ | ३९% | ०१/ ०३/ २०८२ |

४५ **१० शैयाको अस्पताल भवन निर्माणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) (घ) बमोजिम निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेखित कारण बाहेक अन्य कुनै कारणबाट हुने हानी–नोक्सानीको जिम्मेवारी निर्माण व्यवसायीकै हुने व्यवस्था रहेको छ। साथै, सम्झौतामा उल्लेख भएअनुसार त्रुटि सच्चाउने अवधि ३६५ दिन कायम रहेको छ। पालिकाले मिति २०७७।१२।१३ मा रु. ६,०५,८६,०४३ मा निर्माण व्यवसायी श्री सगुन धुलीखेल जेभीसँग मिति २०७९।०९।३१ भित्र सम्पन्न गर्ने गरी १० शैँयाको अस्पताल भवन निर्माण कार्यको सम्झौता गरेको थियो। उक्त कार्यको म्याद तीन पटक थप गरी २०८१।०९।२९ सम्म कायम गरिएको थियो। निर्माण व्यवसायीलाई २०८१ असार मसान्तसम्म छैटौँ रनिङ बिलसम्म मूल्य समायोजन रु. ६१,६५,७३४ समेत गरी कुल रु. ५,१२,४२,८६३ भुक्तानी दिइएको थियो। मिति २०८१ आश्विन १०, ११ र १२ गते परेको अविरल वर्षाका कारण आएको बाढी–पहिरोबाट निर्माणाधीन संरचना पूर्ण रूपमा क्षति भएको उल्लेख छ। सो सम्बन्धमा पालिकाले प्रहरी मुचुल्का, भुक्तानी भएका बिल तथा भुक्तानी हुन बाँकी रु. ७२,८०,१४९.३० समेतका आधारमा मिति २०८१।०९।२५ मा बीमा दाबी पेश गरेकोमा मिति २०८२।०९।०१ मा रु. ३,२२,७०,२०० बीमा रकम प्राप्त भएको छ। तर बीमाबाट प्राप्त हुनुपर्ने रकमको यकिन विवरण तथा गणना आधार पालिकाले पेश गरेको देखिँदैन। साथै, बीमा कम्पनीले कुन आधार र मूल्याङ्कनका आधारमा उक्त रकम भुक्तानी गरेको हो भन्ने विषयमा समेत स्पष्टता देखिँदैन।। मिति २०८१।०७।०१ को प्रहरी मुचुल्का अनुसार करिब रु. ६ करोड ८० लाख बराबरको क्षति भएको उल्लेख छ। निर्माण स्थल हस्तान्तरण पश्चात् कार्य सम्पन्न नभएसम्म संरचनामा भएको हानी–नोक्सानी सम्बन्धमा नियमावलीअनुसार निर्माण व्यवसायीको दायित्व रहने कानुनी व्यवस्था रहेको अवस्थामा सो क्षतिको दायित्व स्पष्ट रूपमा निर्धारण गरिएको देखिँदैन। साथै, भवन पुनःनिर्माण तथा बीमाबाट प्राप्त रकमको उपयोग सम्बन्धमा स्पष्ट निर्णय भएको छैन। संघीय सरकारको बजेटबाट निर्माण भएको उक्त भवनको क्षतिपूर्तिस्वरूप बीमा कम्पनीबाट रकम प्राप्त भएको अवस्थामा संघीय सरकारसँग आवश्यक समन्वय नगरेको देखिएकोले यस सम्बन्धमा दायित्व निर्धारण, समन्वय तथा कार्ययोजना तय गर्नुपर्ने देखिन्छ। साथै, हालसम्म ठेक्का सम्पन्न नभएकोले प्रचलित कानुन तथा सम्झौता शर्तअनुसार ठेक्का सम्पन्न गर्नुपर्ने देखिन्छ।

४६ **मूल्य समायोजनः**

४६.१ (६-2082-03-24):

**ढिला अवधिको मुल्य समायोजनः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **९६८,३४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६.२ (२-2081-08-14):

**पेश्की कट्टा नगरी बढी मूल्य समायोजन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **११३,१०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४७ **स्थलगत निरिक्षणः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **११५,०३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४८ **सव कन्ट्रक्टरबाट कार्यः**

स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७६ को बुदा नं ३(२) बमोजिम स्थानीय उपभोक्ताको श्रम योगदान नहुने जस्तै डोजर लगाउने, सार्वजनिक भवन निर्माण जस्ता कार्य ठेक्का प्रकृयाबाट मात्र गरिने उल्लेख छ । पालिकाले निम्न योजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गरेकोमा उक्त योजनाको लागत अनुमान शत प्रतिशत मेसिनको दररेट रहेको र सोही बमोजिम उपभोक्ता समितिले निर्माण व्यवसायीबाट कार्य गराएको डोजरको बिल र इन्धनको बिल पेश गरेको छ । प्राविधिक मुल्याङ्कनको हाराहारीमा डोजर र इन्धनको बिल पेश हुनुले सव कन्ट्याक्टरबाट काम गराएको पुष्टि हुने देखिन्छ। कार्यविधिमा उल्लेख व्यवस्था बिपरित मेसिनबाट हुने कार्य उपभोक्तासँग गराउने गरी संम्झौता भएकोमा उपभोक्ता समितिले निर्माण व्यवसायीबाट कार्य गराएको नियमसम्मत नदेखिएको रु

| गो भौ/ मिति | योजनाको नाम | प्राविधिक मुल्याङकन | भुक्तानी | निर्माण व्यवसायी | बिल रकम | इन्धन | जम्मा विल रकम |
|---|---|---|---|---|---|---|---|
| विपद व्यवस्थापन कोष | | | | | | | |
| ९२/ २०८१/ ०९/ २८ | माम्ती हर्कपुर सडक उस | ५४०२५२ | ४८५००० | नव आदर्श निर्माण सेवाप्रा लि | २२७१९८ | ३११४५३ | ५३८६५१ |
| ९०/ २०८१/ ०९/ २८ | वडा सडक उस | ५४१८०५ | ४८५००० | सगरमाथा युनिककन्स्ट्रसन | ५४९२९१ | ० | ५४९२९१ |
| ८२/ २०८१/ ०९/ २८ | वडा सडक उस | ५३९७३६ | ४८५००० | बास्डोल निर्माण सेवाएण्ड सप्लायर्स प्रा.लि. | ३०२३९९ | २४५८६० | ५४८२५९ |
| ७९/२०८१/०९/१८ | एक्वार फुलवारी रिगेनथोकरटोल सडक उपभोक्ता समिति | ५३९२९७ | ४८५००० | मानस कन्स्ट्रक्सनएण्ड सप्लायर्स प्रा.लि. | ३०८७६१ | २३२३५८ | ५४१११९ |
| ७८/२०८१/०९/१८ | वडा स्तरीय सडकउपभोक्ता समिति -८ | ५३९१४५ | ४८५००० | पि.आर कन्स्ट्रक्सनप्रा.लि. | २०८८२४ | ३३२०१४ | ५४०८३८ |
| ६९/२०८१/०९/१२ | तारे वडा कार्यालय सडकसरसफाई उपभोक्ता समिति | ५३९४२८ | ४८३९०१ | नव आदर्श निर्माण सेवाप्रा लि | २५१९९९ | २९३७८७ | ५४५७८६ |
| ५१/२०८१/०९/१ | वडा स्तरीय सडक सरसफाईउपभोक्ता समिति -७ | ५३९०९२ | ४८५००० | नव आदर्श निर्माण सेवाप्रा लि | २००१९९ | ३४२००५ | ५४२२०४ |
| ४०/२०८१/०८/१७ | वडा स्तरीय सडक मर्मतउपभोक्ता समिति - ९ | ५३८९५६ | ४८५००० | उज्यालो निर्माण सेवा | ५४०००२ | ० | ५४०००२ |
| ३९/२०८१/०८/१७ | वडा स्तरीय सडक मर्मतउपभोक्ता समिति - १२ | ५३९४२८ | ४८५००० | दिर्घकालिनकन्स्ट्रक्सन प्रा.लि./ नवआदर्श निर्माण सेवा | ३६४९९४ | १८६७०३ | ५५१६९७ |
| ३४/२०८१/०८/०४ | वडा स्तरीय सडक मर्मतउपभोक्ता समिति - १० | ५४१०११ | ४८३५८३ | नव आदर्श निर्माण सेवाप्रा लि | २५१९९९ | २८९४०८ | ५४१४०७ |
| ४१/२०८१/०८/१७ | वडा स्तरीय सडक मर्मतउपभोक्ता समिति - ६ | ५३९५५७ | ४८५००० | उज्यालो निर्माण सेवा | २९८८८५ | २४८४२३ | ५४७३०८ |
| १४०/२०८१/१२/२० | हिमालय मा.वि टारीपाल्ले नागपानी नवल सडक उपभोक्ता समिति | ५३९३७८ | ४८५००० | सगरमाथा युनिककन्स्ट्रसन | २६४४२० | २७७२०७ | ५४१६२७ |
| १४१/२०८१/१२/२० | सेलगाउँ सानी खोलामोटरबाटो | ५३९६०२ | ४८५००० | दाप्चा हिमालयन कृषिफर्म तथा इस्का कन्स्ट्रक्सन | २६५४३७ | २८३९२० | ५४९३५७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ट्रायक चेन्ज तथा सरसफाई | | | | | | |
| | जम्मा | | ६३०२४८४ | | | | |

| | |
|---|---|
| अनियमित भएको | ६३,०२,४८४ |

४९ **परामर्स तथा डीपीआर खर्चः**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै प्रतिवेदन पाम्समा आम्दानी समेत नभएको र प्रतिवेदन कार्यान्वयनमा समेत गएको छैन। अतः परामर्श सेवा प्रतिस्पर्धात्मक रुपले खरिद गरी पाम्समा दाखिला गरी कार्यान्वयनमा लैजानुपर्दछ । सो सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन ।

| **कार्यविवरण** | **परामर्श दाता** | **परामर्श खर्च रकम (रु.)** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत (रु.)** |
|---|---|---|---|
| भुमेचुली जुकेपानी घ्याङलेख पर्यटन सडक र<br>पोटादोभान घट्टेखोला सिपालि चौकीडाडा | गुरु इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. अनामनगर | १९७५२४० | १३,४२,३८,७७७.८३ र १,१७,३४,०२,९७८.३८ |
| अधेरी, पोडा, रोशी, नार्के खोलाको IEE | सुगी कन्सल्टेन्सी प्रा.लि. | १४७२३९० | आई.ई.ई. गरेको |
| टार्के खोला दोभान देखि कल्लेरी वेशी नागा पोखरी, नन्सल क्रसर देखि घुमाउने दाहासम्म रोशी ७ र ८ को IEE | परियोजना डिजाइनर र कन्स्ट्रक्सन प्रा.लि. | ८१४७३० | आई.ई.ई. गरेको |
| नान्सल क्रसर देखि पिन्थलीवेशि वुद्धचौक रोशी ८ र ९ तथा पिन्थली वुद्धचौक देखि कालिढुँगा ब्याकुरे रोशी-९ र ११ को IEE | मन्त्र कन्सल्टेन्सी र एसोसिएट्स प्रा.लि. काठमाडौं | ७१५२१३ | आई.ई.ई. गरेको |

४९.१ भुमेचुली जुकेपानी घ्याङलेख पर्यटन सडक र पोटादोभान घट्टेखोला सिपालि चौकीडाडा सडकको विस्तृत प्रतिवेदन तयार गर्न मिति २०८१।१।१० मा परामर्शदातासँग सम्झौता भएकोमा मिति २०८१।३।४ मा अन्तिम प्रतिवेदन प्राप्त भएको छ । उक्त योजनाहरुमा हालसम्म संघ प्रदेश तथा पालिकाबाट बजेट प्राप्त वा विनियोजन भएको देखिएन ।

४९.२ यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । उपरोक्त प्रतिवेदनहरु कार्यान्वयनमा समेत गएको छैन । अतः परामर्श सेवा प्रतिस्पर्धात्मक रुपले खरिद गरी कार्यान्वयनमा लैजानुपर्दछ ।

५० **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यस बर्ष रु. १,३५,१६,१८२.५९ राजस्व आम्दानी भएकोमा राख्न

पर्ने मलेप फारम नराखेको, प्राप्त राजस्व परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा एकिन हुनुपर्दछ। पालिकाको विभिन्न शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान (रु.) | यस महिना सम्मको आम्दानी (रु.) |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ७ |
| १ | ११३१३ | सम्पती कर | ८,००,०००.०० | ८,७५,३३३.८७ |
| २ | ११३१४ | भुमिकर/ मालपोत | ९,८०,०००.०० | १२,३७,५४२.९८ |
| ४ | ११३१७ | बहाल कर | ९,००,०००.०० | ९,३३,२२८.१० |
| ५ | ११३१८ | बहाल विटौरी कर | ५०,०००.०० | ० |
| ८ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ० | ५००. |
| ११ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ० | १०,४००.०० |
| १२ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ४,५००.०० |
| १३ | ११६९१ | अन्य कर | ७,००,०००.०० | ५,३५,८१०.०० |
| २० | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ११,५०,०००.०० | ९,३२,२४५.०० |
| २१ | १४२२१ | न्यायिक दस्तूर | ५०,०००.०० | ४,५८०.०० |
| २२ | १४२२४ | परीक्षा शुल्क | ० | ९५,३००.०० |
| २३ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १२,००,०००.०० | ८,४५,७०२.०० |
| २४ | १४२४२ | नक्सापास दस्तुर | १,००,०००.०० | १,१०,७७७.३१ |
| २५ | १४२४३ | सिफारिश दस्तुर | २०,००,०००.०० | २४,०५,५३९.३६ |
| २६ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५,००,०००.०० | ४,६९,७७०.०० |
| २७ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३,००,०००.०० | २,३१,७३०.०० |
| २८ | १४२४९ | अन्य दस्तुर | ९,५०,०००.०० | १३,४८,७०५.०० |
| २९ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १२,००,०००.०० | १०,५६,४५५.०० |
| ३० | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | ० | १००. |
| ३१ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | २,०००.०० |
| ३२ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १०,०००.०० | १,७१,०७०.०० |
| ३३ | १४५११ | बीमा दावी प्राप्ति | ० | ९०,५००.०० |
| ३४ | १४५२९ | अन्य राजस्व | ६,८९,०००.०० | ५,०४,६९२.७८ |
| ३५ | १४६११ | व्यवसाय कर | १,००,०००.०० | ५४,१००.०० |
| ३६ | १५१११ | बेरूजु | १५,००,०००.०० | १५,९५,५९४.१९ |
| जम्मा | | | १,३१,७९,००४.०० | १,३५,१६,१८२.५९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

५१ **प्राविधिक विल र कार्यसम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित केहि योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको तथा केहिमा घटि कार्य भई कार्यसम्पन्न भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था नरहेको र घटी कार्य गरेको प्राविधिक पुष्टाई सहित भेरियसन गरेको देखिदैन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति तथा नापि मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित नहुने र घटि खर्च गराउन पर्नाको प्राविधिक कारण र पुष्टाई खुलाउनुपर्छ।

५२ **परिमाणात्मक बन्देज र अर्धकट्टिः**

आन्तरिक आय अन्तरगतको ठेक्कामा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टि.वालुवा रोडा ग्रामेल, दस्कट, मस्कट, माटो) आदिको उत्खनन, संकलन तथा निकासी कार्य गर्दा उत्खनन गरिएका सामग्रीहरुको संकलन गर्ने र त्यसको नापजाँच गरि परिमाण एकिन गरि मात्र निकासी, गर्न दिनुपर्नेमा निर्माण व्यवसायीलाई साइट सबै जिम्मा लगाउने निर्माण व्यवसायीले घाटगद्धि नगरी सोझै उत्तखन्न एवं संकलन गरी निकासी गरेको पाइयो । परिमाणात्मक बन्देज लगाउन रसिदको नियन्त्रण खाता राखी रसिद प्रमाणीत गरि दिनुपर्ने र अर्धकट्टि कार्यालय फिर्ता लिइ परिमाण एकिन गर्नुपर्नेमा रसिदको अर्धकट्टि फिर्ता लिएको देखिएन। नदिजन्य पदार्थको व्यवसायीले घाटगद्धी नगरि सोझै संकलन गरि निकासा गरेको पाइयो। सम्झौता बमोजिमको परिमाण उत्खनन, संकलन र निकासी भएको एकिन गर्न सकिने आधार सम्झौतामा खुलाई संकलन एवं विक्री गरी अर्धकट्टि फिर्ता लिई परीक्षण र भिडान गर्नुपर्दछ।

५३ **आान्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट प्राप्त (संघ र प्रदेशबाट प्राप्त) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४७,६४,३७,८००.०० | १,३५,१६,१८२.५९ | २.८४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट प्राप्त आयको तुलनामा आन्तरिक आयको हिस्सा २.८४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५४ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १,३१,७९,००४.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.

१,३५,१६,१८२.५९ अर्थात अनुमान भन्दा २ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

| आयकोअनुमान | आन्तरिकआयप्राप्ति | प्राप्तप्रतिशत |
|---|---|---|
| १,३१,७९,००४.०० | १,३५,१६,१८२.५९ | १०२.५६ |

५५ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १०,५६,४५५.०० र व्यवसाय कर बापत रु. ५४१०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

५६ **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएका व्यहोराहरु

५६.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन । त्यस्तै सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था तोकेको छ । पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरेको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

५६.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिका को उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगतार एकवर्ष खाता निष्क्रिय भएमा, समाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य व्यक्तिको भत्ता प्राप्त गरेको प्रमाणित भएमा, स्थानिय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राही घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव वा कार्यरत कर्मचारीहरुले घटना भएको जानकारी पाएमा सत्यतथ्य बूझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा केही वडाहरुको सामाजिक सुरक्षा भत्ता पाउनेहरुको विवरण नमूना छनौट गरी परीक्षण गर्दा विगत आर्थिक वर्ष मै मृत्यु भै सकेका तथा बसाई सराई गरेका व्यक्तिहरुको खातामा समेत निकासा भएको देखिएको र लेखापरीक्षणको क्रममा बैँकबाट फिर्ता ल्याई बेरुजु खातामा दाखिला भएकोले पालिकाले समेत यस्ता विवरणहरूको एकिन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

५६.३ लगत कट्टा पश्चातको सामाजिक सुरक्षा भत्ता वितरण

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,३३३.३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,१९९.९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१७,१९९.९७**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **५,०६६.६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **५,३३३.३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२,७९९.९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **४५,२००.०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **११,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१२,९३३.३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१५,८६६.६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१०,६६६.७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१०,००५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **११,७३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५६.४ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित सभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ । साथै स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम, दर्ता, तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंकद्धरा लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राखे व्यवस्था मिलाउनुपर्नेमा सो व्यवस्थाको पालना गरेको पाइएन। कार्यविधिको पालना गरी भत्ता वितरणमा पारदर्शीता कायम गर्नुपर्दछ।

५६.५ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको

छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ।

५७ **पालिकाको प्रशासकिय भवनः**

पालिकाले मिति २०७८।०८।२८ मा मिति २०८१।०२।३२ भित्र सम्पन्न गर्ने गरी रु. ५,५६,१४,६८९.६८ मा निर्माण व्यवसायी कौशिक बस्नेत कामख्या भगवती जेभीसँग सम्झौता भएको छ। उक्त कार्यको म्याद मिति २०८१।०९।२९ सम्म थप गरिएकोमा पूर्वनिर्धारित क्षतिपूर्ति लगाई मिति २०८२।०२।१६ मा रु. ५,२८,९०,८८५ मा निर्माण कार्य सम्पन्न भएको छ। तर भवन निर्माण सम्पन्न भएको करिब ८ महिना व्यतित भइसक्दा समेत भवन प्रयोगमा ल्याइएको छैन। हाल पालिकाले कार्यालय सञ्चालनका लागि वार्षिक रु. ९,९९,६५० घरभाडा तिर्दै आएको देखिन्छ। नयाँ भवन उपयोगमा ल्याइएमा उक्त घरभाडा खर्चको अधिकांश बचत हुन सक्ने देखिन्छ। यसरी निर्माण सम्पन्न भइसकेको भवन उपयोगमा नल्याउँदा सार्वजनिक स्रोतको सदुपयोग हुन नसकेको देखिएकोले प्रशासनिक भवन यथाशीघ्र प्रयोगमा ल्याउन आवश्यक देखिन्छ।

५८ **तिनधारे झरना संरक्षण कार्यक्रमः**

पालिकाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग ७० प्रतिशत मन्त्रालय र ३० प्रतिशत पालिकाको लागत साझेदारीमा आर्थिक वर्ष २०७७/७८ मा तिनधारे झरना संरक्षण कार्यक्रम सञ्चालन गर्ने सम्झौता गरेको थियो। सो कार्यक्रम अन्तर्गत मिति २०७८।०४।०३ गते रु. २,८०,९०,९६९.३५ मा मिति २०८०।०२।३१ भित्र सम्पन्न गर्ने गरी निर्माण सम्झौता भएको थियो।उक्त कार्यको म्याद दुई पटक थप गरी २०८१।०९।२९ सम्म कायम गरिएकोमा पछिल्लो पटक थप भएको म्याद अवधिमा कुनै उल्लेखनीय कार्य नगरी २०८१।०९।१७ गते ८६ प्रतिशत भौतिक तथा ८५ प्रतिशत वित्तीय प्रगतिमा कार्य सम्पन्न गरेको छ। कार्यक्रम अन्तर्गत रु. २,३७,८४,२४४ खर्च भएकोमा सो रकमको ७० प्रतिशत मन्त्रालयबाट निकासा हुनुपर्ने व्यवस्था भए तापनि रु. ३९,३२,००० मात्र निकासा भएको र बाँकी रकम पालिकाको आन्तरिक स्रोतबाट व्यहोरेको पालिकाले जनाएको छ। मन्त्रालयसँग रकम निकासाका लागि पटक–पटक अनुरोध गरिएको तर रकम प्राप्ति सुनिश्चित नभएको अवस्थामा योजनाको मुख्य निर्माण कार्य सम्पन्न भइसकेको कारण कार्यस्वीकार तथा ठेक्का सम्पन्न गरिएको उल्लेख गरिएको छ। आयोजना सुरु भएको आर्थिक वर्षमा अपेक्षित प्रगति हुन नसकेको तथा पछिल्लो आर्थिक वर्षमा बजेट अभावका कारण प्रगति हासिल गर्न नसक्दा पालिकामा अतिरिक्त आर्थिक भार परेको देखिन्छ। लागत साझेदारीमा सञ्चालन हुने यस्ता योजनाहरूमा मन्त्रालयसँग आवश्यक समन्वय, बजेट सुनिश्चितता तथा निर्माण व्यवसायीसँग स्पष्ट कार्यतालिका कायम गरी पालिकामा अनावश्यक आर्थिक दायित्व सिर्जना नहुने गरी कार्य सञ्चालन गर्नुपर्ने देखिन्छ।

५९ **बढी परिमाणको भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **८४,११६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६० **समपुरक अनुदानबाट बढी खर्चः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **६२४,२९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६१ **भ्रमण खर्चः**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ बमोजिम भ्रमण खर्च किफायती हुनुपर्ने, नियम ६ बमोजिम सरकारी कामको सिलसिलामा मात्र भ्रमण हुनुपर्ने तथा नियम १९ बमोजिम भ्रमण सम्बन्धी दूरी तथा विवरण अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ। साथै भ्रमण आदेशमा भ्रमणको औचित्य, उद्देश्य र आवश्यकताको स्पष्ट उल्लेख हुनुपर्दछ। तर पालिकाबाट स्वीकृत भ्रमण

कार्यक्रम अन्तर्गत कार्यालयको कार्यसँग प्रत्यक्ष सम्बन्ध नदेखिने स्थान (जस्तैः पोखरा, बन्दिपुर आदि) मा भ्रमण खटाई औचित्य स्पष्ट नगरी खर्च लेखिएको देखियो। यसले भ्रमणलाई उपलब्धीमूलक बनाउने उद्देश्यअनुसार कार्य भएको भन्ने आधार देखिएन। सो सम्बन्धमा देखिएका थप बेहोरा देहायअनुसार छन् :

| सि.नं. | भौ.नं. र मिति | कार्यक्रम | भ्रणण स्थान | भ्रमण अवधि | रकम |
|---|---|---|---|---|---|
| १ | १०१-०८१।६।७ | अध्ययन अवलोकन भ्रमण | चित्लाङ- बन्दिपुर-पोखरा हुँदै चितवन | २०८१।१।१४ देखि १८ सम्म ५ | ५,३३,००० |
| २ | १०८-०८१।६।७ | जेष्ठ नागरिक भ्रमण कार्यक्रम | | २०८०।११।४ देखि ७ सम्म ४ दिन | ४,००,००० |

६१.१ **अध्ययन अवलोकन भ्रमणः** उक्त भ्रमण कार्यक्रममा २५ जना (कृषक १५, आर्थिक विकास समिति संयोजक सहित ३, कर्मचारी ७) सहभागी भएको देखिन्छ। पेश कागजातअनुसार गाडी भाडा तथा इन्धनमा रु. १,२४,३१५, २५ जनाको ४.२५ दिनको दरले प्रतिव्यक्ति रु. १,६०० अनुसार रु. १,७०,००० तथा विविध खर्च प्रतिव्यक्ति रु. २,००० का दरले रु. ५०,००० गरी कुल रु. ३,४४,३१५ खर्च हुनुपर्ने देखिन्छ। तर वास्तविक खर्च रु. ५,३३,००० देखिएकोले रु. १,८८,६८५ बढी व्ययभार परेको देखिन्छ। अध्ययन अवलोकन भ्रमण गरेको खर्च भ्रमण खर्च नियमावलीअनुसार हुनेगरी गर्नुपर्दछ ।

६१.२ **शीर्षक फरक पारी खर्चः** कार्य सञ्चालन निर्देशिका, २०८१ बमोजिम तोकिएको शीर्षकबाट मात्र खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। वडा नं. १ मा जेष्ठ नागरिक भ्रमण कार्यक्रमका लागि रु. ३,००,००० तथा जेष्ठ नागरिक सम्मान कार्यक्रमका लागि रु. १,००,००० बजेट विनियोजन भएकोमा दुवै शीर्षकको रकम भ्रमण खर्चमा उपयोग गरिएको देखियो। जेष्ठ नागरिक सम्मान कार्यक्रमको रु. १,००,००० भ्रमणमा खर्च गरिएको कार्य नियमसम्मत नदेखिएकोले नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

६२ **विपद व्यवस्थापनः विपद व्यवस्थापन तर्फ देखिएको बेहोरा निम्नानुसार छन् ।**

मिति २०८१ असोज १० देखि १२ सम्म आएको बाढी तथा पहिरोबाट भएको क्षति न्यूनीकरण र राहत व्यवस्थापनका लागि पालिकाले विभिन्न स्रोतबाट रकम संकलन गरी विपद व्यवस्थापन कार्यमा खर्च गरेको छ। विपद व्यवस्थापन शीर्षकअन्तर्गतको आय-व्ययको अवस्था निम्नानुसार रहेको छ।

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **आय तर्फ** | **आय रकम** | **सि.नं.** | **खर्च विवरण** | **खर्च रकम** |
| १ | गत बर्षको अल्या | १,३५,९८० | १ | चालु | २,००,६८,६३९ |
| २ | संघिय सरकारबाट प्राप्त | | क | २२५२२ कार्यक्रम खर्च | १२,४४,३१९ |
| क | संघिय सरकारबाट प्राप्त ( राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथाव्यवस्थापन प्राधिकरण) | १,००,००,००० | ख | २२५२९ विविध कार्यक्रम खर्च | १८,५६,९८८ |
| ख | अस्थायी आवासको लागी | १,३७,००,००० | ग | २२७११ विविध खर्च | ८,१५,४०० |
| | | | घ | २७२१२ उद्दार राहत तथा पुनर्स्थापना खर्च | १,४८,२५,००० |
| २ | प्रदेश सरकारबाट प्राप्त | | ङ | २८२१९ अन्य फिर्ता | १३,२६,९३२ |
| क | बागमती प्रदेश सरकारबाट प्राप्त | ४१,००,००० | २ | पूंजीगत | ५,८६,९२,६६५ |
| | | | क | ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ९,७०,००० |
| ३ | अन्य कार्यालय/ संघ/ संस्था | | ख | ३११२३ फर्निचर तथा फिक्चर्स | ० |
| क | काठमाण्डौ महानगरबाट प्राप्त | २०,००,००० | ग | ३११५१ सडक तथा पूल निर्माण | १,२२,५४,२३९ |
| ख | विभिन्न व्यक्ती संघ संस्थाबाट प्राप्त | १८,६३,८३३ | घ | ३११५६ खानेपानी संरचना निर्माण | २४,०४,८८८ |
| ग | शिक्षक कर्मचारीको तलबबाट | ३५,१७,६५३ | ङ | ३११५९ अन्य सार्वजनिक निर्माण | ३,१९,६२,५४१ |
| | | | ३ | मौज्दात | ८,२८,९५७ |
| ४ | गाउँपालिकाको आन्तरिक | १,००,००,००० | | जम्मा खर्च | ६,९४,८८,५०९ |
| | पालिकाबाट विनियोजन भएको | २,५०,००,००० | | | |
| | **जम्मा** | **७,०३,१७,४६६** | | **जम्मा** | **७,०३,१७,४६६** |

६२.१ **पाईप वितरणः**

पालिकाले विभिन्न ५ सप्लायर्सबाट कोटेशन माग गरी रु. ४९,०२,८४८ बराबरको पाइप तथा ग्याबियन जाली खरिद गरी वितरण गरेको छ। पालिकाको विभिन्न वडामा आएको बाढी तथा पहिरोबाट खानेपानी पाइपमा क्षति पुगेकाले विपद् व्यवस्थापनका लागि सामग्री खरिद गरी वितरण गरिएको जनाएको छ। खरिद कानुनबमोजिम एकमुस्ट प्याकेज बनाई खरिद गर्ने र वितरण गरिएको पाइप तथा ग्याबियन जालीको जडान अवस्था, वास्तविक उपयोग तथा सदुपयोग भएको नभएको सम्बन्धमा अनुगमन तथा प्राविधिक प्रतिवेदनमार्फत एकिन गर्नुपर्ने देखिन्छ।

| भौ .नं. र मिति | विवरण | खरिद भएको | दाखिला | भर्पाई भएको | सप्लायर्स | रकम |
|---|---|---|---|---|---|---|
| २०८१/०७/२७ | पाइप खरिद | २०mm | २६००m | ३५००m | बनेपा निर्माण सामाग्री सप्लार्यस | ९४०२०९ |
| | | २५mm | १८००m | ३१००m | | |
| | | ३२mm | १८००m | - | | |
| | | ४०mm | १८००m | - | | |
| | | ५०mm | ११००m | १८०० m | | |
| | | ६३mm | ३००m | | | |
| | | १६m | | १६००m | | |
| ६६-२०८१/०९/१२ | | २०mm | ६००m | - | शंकारा ग्रुप प्रा.लि | ९८५८१२ |
| | | २५mm | ४०००m | २१००m | | |
| | | ३२mm | ५६००m | ४४००m | | |
| | | ४०mm | १२००m | - | | |
| २३८-०८२/०२/१९ | | २०mm- | ९४००m | | शंकारा ग्रुप प्रा.लि | ९९४४०० |
| | | ३२mm- | ५६००m | | | |
| | | ५०mm- | ८००m | | | |
| २०८१/०७/५ | ग्याबियन | २*१*१*१ | २८३ | २६० | लालिगुराँस तारजाली सोलुसन | ९९१३९५ |
| १५०-०८१/१२/२० | ग्याबियन | २*१*१*१ | २८२ | | श्री शंकरा इन्टरप्रइजेज | ९९१०३२ |
| जम्मा | | | | | | ४९,०२,८४८ |

६२.२ खाद्यन्न वितरणः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बिल, भरपाई तथा सम्बन्धित कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ। विपद् अवस्थामा खाद्यान्न तथा अन्य राहत सामग्री खरिद गरी लक्षित वर्गलाई वितरण गर्दा वितरण भरपाईसहित स्पष्ट अभिलेख राख्नुपर्ने हुन्छ। पालिकाले २०८०।०६।१० देखि १२ सम्म वर्षाका कारण उत्पन्न विपद् अवस्थामा रु. १४,१२,०९२ बराबरको खाद्याान्न तथा अन्य राहत सामग्री वितरण गरेको देखिन्छ। तर उक्त राहत सामग्रीको हकमा आंशिक रूपमा मात्र वितरण भरपाई पेश भएको र सम्पूर्ण वितरण विवरण तथा लाभग्राही पुष्टि गर्ने कागजात संलग्न नगरी खर्च लेखिएकोले खर्चको यथार्थता एकिन हुन सकेन। विपदको समयमा वितरण गरिएकोले सबै लाभग्राहीसँग भरपाई गराउन सम्भव

नभएको पालिकाले जनाएको छ । कानुनमा तोकिए बमोजिम पूर्ण बिल भरपाई तथा वितरण विवरण नराखी खर्च लेखिएकोले उक्त खर्च रकम नियमित गर्नुपर्ने रु

| भौ .नं. रमिति | विवरण | सप्लायर्स | रकम |
|---|---|---|---|
| २०८१/ ०७/ ०७ | राहत सामग्री | वर्तोला खाद्यन्न स्ट्रोर हरिसिद्धि खाद्यन्न स्टोर | २,१४,७५० |
| ६२- ०८१/ ०९/ ०२ | तेल | कल्पना खाद्यस्टोर | ४,१७,३४२ |
| ६१-०८१/ ०९/ ०२ | चामल | वि. एस खाद्य भण्डार | ७,८०,००० |
| | | जम्मा | १४,१२,०९२ |

| | |
|---|---|
| अनियमित भएको | १४,१२,०९२ |

६३ **समानिकरणबाट चालु खर्चः**

वित्तीय सामानिकरण अनुदानको रकमबाट आधारभूत सेवा र पूर्वाधार निर्माणमा खर्च गर्ने गरी प्रदान गरिएको हो । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०७७।७८, च.नं.५६३ मिति २०७८।३।३० को वित्तिय समानिकरण अनुदान प्रयोग सम्वन्धमा भएको परिपत्र तथा अर्थ मन्त्रालयको प.सं.२०७७।७८, च.नं.१२१ मिति २०७८।३।२७ को परिपत्र अनुसार अर्थ मन्त्रालयको २०७८।३।२५ को निर्णयले वित्तीय सामानिकरण अनुदानको रकमबाट प्रशासनिक खर्च गर्न नमिल्ने उल्लेख छ । पालिकाले निम्नानुसारको वित्तीय समानीकरण अनुदानबाट रु. ३,८५,८६,७१८ अन्य चालु प्रकृतीको खर्च गरेकोले मापदण्ड बमोजिम खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६४ **रेडियो प्रवर्द्धन कार्यक्रमः**

सार्वजनिक स्रोत–साधनको उपयोग औचित्यपूर्ण, परिणाममुखी तथा लागत–प्रभावकारी हुनुपर्दछ। गाउँपालिकाले रेडियो प्रवर्द्धन कार्यक्रमअन्तर्गत रेडियो रोशीलाई चालु आर्थिक वर्षमा रु. १८,००,००० अनुदान प्रदान गरेको छ। पालिकाका गतिविधि तथा सूचनाहरू स्थानीय नागरिकसम्म पुर्‍याउने उद्देश्यले अनुदान उपलब्ध गराइएको जनाएको छ। तर छलफलका क्रममा विगतदेखि निरन्तर अनुदान प्रदान गरिँदै आएको भए तापनि हाल रेडियोको श्रोता संख्या घट्दै गएको, प्रसारण सामग्रीको गुणस्तर सन्तोषजनक नरहेको तथा वैकल्पिक सञ्चार माध्यमको विस्तारसँगै रेडियोको प्रभाव घट्दै गएको जानकारी प्राप्त भयो। यस्तो अवस्थामा प्रदान गरिएको अनुदानबाट अपेक्षित प्रतिफल प्राप्त भएको भन्ने स्पष्ट आधार तथा मूल्याङ्कन देखिएन। निजी तथा नाफामूलक संस्थालाई अनुदान प्रदान गर्दा लागत–लाभ विश्लेषण, कार्यसम्पादन मूल्याङ्कन तथा स्पष्ट मापदण्डका आधारमा निर्णय गर्नुपर्नेमा सो सम्बन्धी विश्लेषण र मूल्याङ्कन नगरी रु. १८,००,००० अनुदान उपलब्ध गराएको कार्य नियमसम्मत तथा परिणाममुखी देखिएन। अतः सार्वजनिक स्रोतको प्रभावकारी उपयोग सुनिश्चित गर्न स्पष्ट मापदण्ड, लागत–लाभ विश्लेषण तथा उपलब्धि मूल्याङ्कनका आधारमा मात्र यस्ता अनुदान प्रदान गर्नुपर्ने देखिन्छ। लाभ लागतको विश्लेषण नगरी नाफामुलक संस्थालाई अनुदान दिएको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १८,००,००० |

६५ **व्याज अनुदानः**

पालिकाले कृषक तथा कृषक समूहलाई सहकारी संस्थाबाट लिएको ऋणमा व्याज अनुदान उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरेको छ। यस कार्यक्रमअन्तर्गत कृषकहरूले विन्ध्यवासिनी बचत तथा ऋण सहकारीबाट ११ प्रतिशत ब्याजदरमा ऋण लिने र सो ब्याजमध्ये ५ प्रतिशत गाउँपालिका, ५ प्रतिशत सम्बन्धित कृषक तथा १ प्रतिशत सहकारीले स्वयं व्यहोर्ने गरी त्रिपक्षीय सहमतिअनुसार अनुदान उपलब्ध गराइएको छ। यस वर्ष उक्त कार्यक्रमअन्तर्गत ४३ कृषकको हकमा जम्मा रु. ७,६१,०२२ व्याज अनुदान भुक्तानी गरिएको देखिन्छ। विवरण देहायअनुसार रहेको छः

| भौ.नं. र मिति | कृषक संख्या | ऋण रकम | व्याज भुक्तानी ( पालिकाले व्यहोर्ने ५ % ) | अवधि |
|---|---|---|---|---|
| २६८-०८१।९।१८ | ४३ कृषक | ३५६००००० | २०५५४१ | साउन देखि कार्तिक |
| ५२९-०८२।२।९ | ४१ कृषक | ३४१००००० | १९३११५ | कार्तिक देखि पुस |
| ५३०-०८२।२।९ | ४३ कृषक | ३४७५०००० | १८५०३९ | माघ देखि चैत्र |
| ६०२-०८२।३।८ | ४१ कृषक | ३३६००००० | १७७३२७ | बैषाख देखि असार |
| जम्मा | | | ७,६१,०२२ | |

लाभग्राही छनौट सम्बन्धमा स्पष्ट मापदण्ड तथा कार्यविधि तर्जुमा गरेको नदेखिएकोले कार्यक्रमको पारदर्शिता र लक्षित वर्गमा पहुँच सम्बन्धमा एकिन हुन सकेन। साथै हाल समग्र ब्याजदर घट्दो अवस्थामा रहेको भए पनि विगतको ब्याजदरकै आधारमा अनुदान वितरण भइरहेको देखिन्छ। सहकारी संस्थाबाट ऋण लिँदा तुलनात्मक रूपमा उच्च ब्याजदर लागू हुने देखिएकोले कार्यक्रमको लागत–प्रभावकारिता सम्बन्धमा समेत समीक्षा आवश्यक देखिन्छ। अतः लाभग्राही छनौटको स्पष्ट कार्यविधि तर्जुमा गरी पारदर्शी रूपमा कार्यक्रम सञ्चालन गर्ने, वर्तमान बजार ब्याजदरको आधारमा दर पुनरावलोकन गर्ने तथा वाणिज्य बैंक (क वर्ग)सँग सहकार्य गरी कम ब्याजदरमा ऋण उपलब्ध गराउने सम्भावना अध्ययन गर्नुपर्ने देखिन्छ।

६६ **दुध उत्पादनमा आधारित अनुदानः**

दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०८० को दफा १३ बमोजिम प्रोत्साहन रकम साझेदार संस्थामार्फत दुध बिक्री गर्ने कृषकहरूको बैंक खातामा सोझै जम्मा गरी वितरण गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले दुधमा प्रतिलिटर रु. ५ का दरले अनुदान उपलब्ध गराएकोमा ६ वटा संस्था/फर्ममार्फत कृषकलाई यो बर्ष रु. २४८३१६० प्रोत्साहन रकम वितरण गरिएको देखिन्छ। तर उक्त संस्थाहरूले कार्यविधिमा तोकिएअनुसार कृषकहरूको बैंक खातामा रकम जम्मा नगरी भरपाई गराई नगदमार्फत वितरण गरेको देखियो। यसले पारदर्शिता, अभिलेखीकरण तथा अनुगमनमा जोखिम उत्पन्न हुने अवस्था देखिन्छ। अतः कार्यविधिमा उल्लेखित व्यवस्था अनुसार अनुदान रकम कृषकहरूको बैंक खातामार्फत मात्र वितरण गर्ने, सो सम्बन्धी अभिलेख तथा बैंक ट्रान्सफर प्रमाण संलग्न गर्ने र पारदर्शिता सुनिश्चित गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ।

| क्र.सं. | मिति | विवरण | दुधको परिमाण | कृषक संख्या | डेबिट |
|---|---|---|---|---|---|
| १ | | वडा नं ११ मा रहेको महाभारत लालिगुराँस दुग्ध उत्पादक सहकारीसंस्था लि.ला | ५४००३ | ३३ | २७००१५ |
| २ | ५०-०८२/०२/२९ | श्री कृष्ण डेरी छुर्पि तथा मखन उद्योग | ९१७३४ | ३५ | ४५८६७० |
| ३ | ५१-०८२/०२/२९ | कानेगाउ दुध डेरी संकलन केन्द्र तथा खाद्य विक्री | १२५६७४ | ३७ | ६२८३७० |
| ४ | ५२-०८२/०२/२९ | कोट्थुम्का माहाङकाल कृषी फर्म | ७९०२५ | २१ | ३९५१२५ |
| ५ | २९-०८२/०२/२९ | भिमशेन कृषि फार्म तथा दुग्ध संकलन | ९९७८६ | २१ | ४९८९३० |
| ६ | ६६५३९ | चनौटे कृषि फर्म | ४६४१० | २० | २३२०५० |
| जम्मा | | | | | २४,८३,१६० |

६७ **खरिदमा प्रतिस्पर्धाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्राई खरिद गर्न नपाइने स्पष्ट व्यवस्था रहेको छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१)(क) अनुसार दश लाख रुपैयाँसम्मको मालसामान सोझै खरिद गर्न सकिने तथा बीस लाख रुपैयाँभन्दा बढीको खरिद बोलपत्र प्रक्रियाबाट गर्नुपर्ने व्यवस्था छ। पालिकाले विपद् व्यवस्थापनतर्फको बजेटबाट विपद् भएको लामो समयपछि समेत कोटेशनमार्फत खरिद गरी लागत अनुमानकै हाराहारीमा भुक्तानी गरेको देखिन्छ। एउटै प्रकृतिका कार्य तथा सामानलाई छुट्टाछुट्टै सम्झौता गरी सोझै खरिद गरिएकोले प्रतिस्पर्धा सीमित भई मितव्ययिता कायम भएको देखिएन। अतः समान प्रकृतिका कार्य तथा सामग्रीलाई प्याकेज बनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गरी पारदर्शिता, प्रतिस्पर्धा तथा मितव्ययिता सुनिश्चित गर्नुपर्ने देखिन्छ। केही उदाहरण देहायअनुसार रहेका छन् ।

| क्र.स | गो भौ.नं/ मिति | विवरण | निर्माणकर्ता | भुक्तानी रकम | सम्झौता मिति |
|---|---|---|---|---|---|
| १ | २६-०८१/ ०७/ २८ | ११ नं वडा पिप्ले देउराली जुगेपानी सडक सरसफाई | डि एण्ड डि कन्स्ट्रक्सन | ८,७२,३७७/- | २०८१।७।१ |
| २ | २८-०८१/ ०८/ ०४ | महादेवटार भञ्याङ फलामेसाँघु सडक सरसफाई | सलोमी कन्स्ट्रक्सन | ९,७६,१३३/- | २०८१।६।३० |
| ३ | ४३-०८१/ ०८/ १८ | पोटाखोला सानिखोला वाल निर्माण | एस .के. निर्माण सेवा | ९,८३,१७६/- | २०८१।७।१२ |
| ४ | ४४-०८१/ ०८/ १८ | पोटादोभान देखि छापफेटार सडक सरसफाई | नेशनल कन्स्ट्रक्सन | ९,८३,६९०/- | २०८१।८।२ |
| ५ | ५२-०८१/ ०९/ ०१ | मंगल जनविजय मा.वि.दिव्यश्वरि स्कुल सरसफाई | कालिका निर्माण सेवा | ९,८९,३२३/- | २०८१।७।२५ |
| ६ | ७२-०८१/ ०९/ १८ | वडा नं ४ सरसफाई तथा रांचा भुतेखोल्सा सडक निर्माण | ह्युल्सा निर्माण सेवा | ८,४५,३६५/- | २०८१।८।२३ |
| ७ | ८५-०८१/ ०९/ २४ | चौकी डाँडा वाल निर्माण | शिवदेव कन्स्ट्रक्सन प्रा.लि. | ९,८५,१५१/- | |
| ८ | १६८-२०८२/ १/ १२ | रोशी -१२ को वडा सरसफाइ | बज्र निर्माण सेवा | ९,९३,९४९/- | २०८१।८।९ |
| ९ | २४८-०८२/ ०३/ २३ | पोटादोभान सडक मर्मत | जिवन निर्माण सेवा | ९,९६,७७०/- | २०८२।२।२४ |

## ६८ कार्यालय सामान खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारेर खरिद गर्न नपाइने स्पष्ट व्यवस्था गरिएको छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) (क) मा सार्वजनिक निकायले दश लाख रुपैयाँसम्मको मालसामान सोझै खरिद गर्न सकिने तथा दफा २१ बमोजिम बीस लाख रुपैयाँभन्दा माथिको खरिद बोलपत्रको प्रक्रियाबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री शिर्षकमा रु. ३५,००,००० बजेट विनियोजन गरेकोमा रु. ३४,९७,७९५ खर्च भएको छ । कोटेशन मार्फत खरिद गर्दा लागत अनुमान कै अनुपातमा खरिद भएको छ । यस वर्ष पालिकाले सम्पूर्ण खर्च पटक पटक गरी सोझै खरिद गरेकोले खरिद कार्य प्रतिस्पर्धात्मक विधिबाट खरिद भएको देखिएन । खरिद कार्य मितव्ययी हुने गरी प्रतिस्पर्धात्मक बिधिबाट खरिद गरी मित्वययीता अपनाउनु पर्दछ । एउटै प्रकृतीका सामान टुक्रापारी सोझै खरिद गरेको केही उदाहरण देहायअनुसार रहेका छन् ।

| सि.नं. | भौ.नं.र मिति | सामान | सप्लायर्स | रकम |
|---|---|---|---|---|
| १ | १७७-०८१।०८।४ | मसलन्द तथा कार्यालय सामग्री | हरिसिद्धि जनरल सप्लायर्स | ३,२९,०३३ |
| २ | २६१-२०८१/ ०९/ १२ | मसलन्द तथा कार्यालय सामग्री | भगवती सप्लायर्स एण्ड ट्रेडर्स | ८,८२,१२३ |
| ३ | ४७०-२०८१/ १२/ २७ | मसलन्द तथा कार्यालय सामग्री | जि.पि.अफसेट प्रिन्टर्स | ४,६१,०११ |
| ४ | ७०५-२०८२/ ०३/ २२ | मसलन्द तथा कार्यालय सामग्री | श्री खण्डमणी सप्लायर्स | ६,९८,८८३ |
| ५ | ४३६-२०८१/ १२/ ०५ | मसलन्द तथा कार्यालय सामग्री | हरिसिद्धि जनरल सप्लायर्स | २,८३,२११ |
| | जम्मा | | | २६,५४,२६१ |

## ६९ प्रोत्साहन भत्ता

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (२) वमोजिम सेवाको गठन संचालन तथा व्यवस्थापन सेवाको सुविधा अन्य व्यवस्था स्थानिय तहले वनाएको कानुन वमोजिम हुने उल्लेख छ । त्यस्तै स्थानीय सेवा

गठन तथा संचालन ऐन् २०७९ को दफा (६९) कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन गर्नका लागि सम्वन्धित स्थानीय तहले आफ्नो आन्तरिक श्रोत वाट खर्च व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सकिने व्यवस्था रहेको छ । कार्यपालिकावाट समेत स्विकृत भई राजपत्रमा प्रकाशन भएकोमा कर्मचारीको मनोवल उच्च राखी कार्यसम्पादन गर्न गराउन सुरु तलव स्केलको १५प्रतिशत सम्म रकम प्रोत्साहन स्वरुप प्रदान गर्ने निर्णय भएको पाईयो । प्रोत्साहन कार्यक्रमको निरन्तरता वेगर साविकको पटके निर्णयका आधारमापालिकाले यस वर्ष रु. १२४०९२३ खर्च लेखेको छ । उक्त रकम पालिकाको आन्तरिक आय रु. १,३५,५०,७२१.४५को ९.१५ प्रतिशत हुन आउँछ । पालिकाले आफ्नो आन्तरिक आयलाई समेत ध्यान दिँदै विभिन्न सुचक निर्धारण गरी संघीय कानुनलाई समेत ख्याल गरेर कानुन वनाउने र वार्षिक नीति कार्यक्रममा समेटेर मितव्ययीतको सिद्धान्तअनुरुप खर्च लेख्ने गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक , रोशी गाउँपालिका , काभ्रेपलाञ्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम बहादुर तामाङ | २०७८-९-२९ | २०८१-४-३१ |
| कार्यालय प्रमुख | शिव प्रसाद भन्तना | २०८१-४-३२ | २०८२-०७-२६ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,८७५,६७८.८६ | ११,०११,५२६ | ७५४,२९७ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १३,६४१,५०१.८६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,६२९,९७५.८६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ११,०११,५२६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६५६२०७१२.८३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४१५४७४८०० | चालु खर्च | ४३७३६१९०८.२ |
| प्रदेश सरकारबाट अनुदान | ६०९६३००० | पूँजीगत खर्च | १४४२६२९४५.१९ |
| राजश्व बाँडफाँट | १४२८८५२८५.९७ | वित्तीय/अन्य व्यवस्था | ३०३१४०७६६.६४ |
| आन्तरिक आय | १३५५०७२१.४५ | | |
| अन्य आय | २४८१४९५७९.२३ | | |
| कुल आय | ८८१०२३३८६.६५ | कुल खर्च | ८८४७६५६२०.०३ |
| बाँकी मौज्दात | | ६१८७८४७९.४५ | |

## अनुसूची - २

## बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
|---|---|---|---|
| क्र.स. /आर्थिक सङ्केत | विवरण ( राजस्व, अनुदान र अन्य प्राप्ति ) | चालु आ.व.को कारोबार रकम (रु.) | गत आ.व.को कारोबार रकम (रु.) |
| ११००० | कर | १२,९५,५३,५३९.२१ | १२,६९,५१,९३४.७७ |
| १३००० | अनुदान | ४२,२३,६१,७९८.३६ | ४४,६८,१३,३८८.०६ |
| १४००० | अन्य राजस्व | २,५२,५२,३२८.१६ | ३,८०,६०,७९४.०६ |
| १५००० | विविध प्राप्ति | १५,९५,५९४.१९ | १२,०५,९२६.१३ |
| क | कुल जम्मा प्राप्ति | ५७,८७,६३,२५९.९२ | ६१,३०,३२,०४३.०२ |
| ३ | चालु | ४३,७३,६१,९०८.२० | ४४,१७,२१,७५२.५६ |
| २१००० | पारिश्रमिक / सुविधा | २४,५३,६४,९३५.२८ | २५,०६,२१,९७०.५३ |
| २२००० | माल सामान तथा सेवाकोउपयोग | १८,२४,२९,८३९.९२ | १८,४५,१०,५१६.०३ |
| २७००० | सामाजिक सुरक्षा | ७०,५०,६८३.०० | ५०,०६,५८६.०० |
| २८००० | अन्य खर्च | २५,१६,४५०.०० | १५,८२,६८०.०० |
| ४ | पूंजीगत | १४,४२,६२,९४५.१९ | १६,७३,९६,३८२.९९ |
| ३१११० | भवन तथा संरचना | १७,५९,७३५.०० | १,१२,२७,५३२.६० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर तथा फिक्चर्स | ५९,६९,७०७.०० | ४०,०५,३०९.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ७,४५,११९.०० | २२,७०,४२२.०० |
| ३११४० | सुरक्षा उपकरण | ९,९९,६२०.०० | ० |
| ३११५० | सार्वजनिक निर्माण | १३,४७,८८,७६४.१९ | १४,९८,९३,११९.३९ |
| ख) | कुल जम्मा भुक्तानी | ५८,१६,२४,८५३.३९ | ६०,९१,१८,१३५.५५ |
| ग) | बचत /कमी (ग = क-ख ) | -२८,६१,५९३.४७ | ३९,१३,९०७.४७ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्यकोषको मौज्दातको थप/घट (+/-) | -९,१५,१८५.७७ | -३३,८६,४२६.०२ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | |

| | | | |
|---|---|---|---|
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | -३७,७६,७७९.२४ | ५,२७,४८१.४५ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ६,५६,५५,२५८.६९ | ६,५१,२७,७७७.२४ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ६,१८,७८,४७९.४५ | ६,५६,५५,२५८.६९ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।